हावाको उचित ओहोरदोहोर हुने गरी मात्र आगो वा हिटर बालौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक
दैनिक

eprateekdaily.com



Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ पुस ०३ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 December 18 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ११२

## धानको उत्पादन बढे पनि गहुँको उत्पादन घट्ने सङ्केत

प्रस, वीरगंज, २ पुस/

कृषि ज्ञान केन्द्र, पर्साका बागवानी अधिकृत श्यामकिशोर प्रसादले यस वर्ष धान उत्पादन बढे पनि गहुँ उत्पादन घट्ने सङ्केत गरेका छन् ।



बागवानी अधिकृत श्यामकिशोर प्रसाद । तस्वीरः प्रतीक

बागवानी अधिकृत श्यामकिशोरले यस वर्ष ४७ हजार १३७ हेक्टर जगगामा चैते, भदैया, अगहनी धान खेती भएको र २ लाख ३३ हजार १३५ मेट्रिक टन धान उत्पादन भएको बताए । गत वर्ष ४७ हजार ५० हेक्टरमा धानखेती गरिएको र २ लाख २८ हजार ५२८ मेट्रिक टन धान उत्पादन भएको बताए।

बागवनी अधिकृत श्यामकिशोरले यस वर्ष जेठ महीनादेखि पानी परेको र आकाशेखेतीको भरमा रहेका किसानहरूलाई सिंचाइको असुविधा नहुँदा धानखेती बढेको बताए । उनले अपेक्षाकृतरूपमा भने यस वर्ष पनि धानको उत्पादन बढ्न नसकेको बताए । धान पाकेर भित्र्याउने बेलामा कीरा बढेको र पानी परेको कारण धानखेती प्रभावित भएको उनले बताए । अन्तिम समयमा प्रतिकूल मौसमको कारण यस वर्ष धानखेतीमा थोरै वृद्धि भएको बताए । गत वर्ष चैते धान ३ हजार ५ सय हेक्टरमा गरिएको र १७ हजार ८५० मेट्रिक टन धान उत्पादन भएको थियो भने यस वर्ष ३ हजार ५५० हेक्टरमा चैते धान खेती भएको र १८ हजार ८१५ मेट्रिक टन उत्पादन भएको बताए ।

यसैगरी, गत वर्ष भदैया धान ८ हजार ५५० हेक्टरमा रोपिएको र ४४ हजार ४६० मेट्रिक टन उत्पादन भएको थियो भने यस वर्ष ८ हजार ५६० हेक्टरमा खेती भएर ४६ हजार २२४ मेट्रिक टन उत्पादन भएको बताए । अगहनी धान भने गत वर्ष ३५ हजार हेक्टरमा रोपिएको र १ लाख ६६ हजार २५० मेट्रिक टन उत्पादन भएको थियो भने यस वर्ष ३५ हजार २० हेक्टरमा रोपिएको र १ लाख ६८ हजार ९६ मेट्रिक टन धान उत्पादन भएको बताए ।

बागवनी अधिकृत श्यामकिशोरले रासायनिक मलको अभावमा गहुँखेती कम हुने सङ्केत गरे । उनले गत वर्ष २६ हजार ५० हेक्टर क्षेत्रफलमा गहुँखेती भएको र ८५ हजार ९६५ मेट्रिक टन गहुँ उत्पादन भएको बताए । यस वर्ष गहुँको बीउ छर्ने कार्य ९० प्रतिशत भएको तर किसानहरूले रासायनिक मलको अभाव झेलिरहेको उनले बताए ।

बजारमा मलको अभाव छ, सरकारले मल उपलब्ध गराउन सकेको छैन र सीमापारिबाट पनि किसानहरूले ल्याउन नसक्दा गहुँखेती प्रभावित हुने उनले बताए ।

बागवानी अधिकृत श्यामकिशोरले रासायनिक मलको अभाव भएको बेला सीमावर्ती भारतमा ल्याएर गर्जो टार्दै आएका किसानहरूले यसपटक त्यहाँका किसानले पनि मलको अभाव झेल्दै आएकाले मल नपाएको बताए । पर्सा जिल्लामा धान, गहुँ मुख्य बाली हुन् भने यसबाहेक दलहन र तेलहन खेती पनि हुँदै आएको छ । धान भित्र्याएसँगै किसानहरू गहुँ, दलहन, तेलहन खेतीमा लाग्ने गरेका छन् । पर्सा जिल्लामा कृषि ज्ञान केन्द्रको तथ्याङ्क अनुसार हिउँदे मकै ५६० हेक्टरमा र वर्षे मकै ४ हजार ५० हेक्टरमा रोपिन्छ ।

यसैगरी, दलहनमा मुसुरोको ३ हजार ६१० हेक्टरमा खेती हुने गरेको छ । दलहनमा सबैभन्दा बढी मुसुरोखेती हुने गरेको छ । दलहनमैं खेसारी, मुङ, राजमा, रहर थोरै मात्रामा खेती हुने गरेको उनले बताए ।

तेलहनमा सबैभन्दा बढी तोरीखेती ५ हजार ५६० हेक्टरमा हुने गरेको छ । आलस ३९० हेक्टर, सरसो ३१० हेक्टर र सूर्यमुखी ५ हेक्टरमा मात्र खेती हुने गरेको छ ।

पर्सा जिल्लामा उखु ३ हजार हेक्टरमा, आलु एक हजार १७५ हेक्टरमा र सुर्ती २१५ हेक्टरमा खेती हुने गरेको कृषि ज्ञान केन्द्र, पर्साले जनाएको छ ।

## हस्तलेखन कला देखाएर जीवनयापन गर्दै मनोज चन्द


प्रस, गरुडा, २ पुस/

मानिसमा अनेक प्रतिभा हुन्छन् । कहिलेकाहीं निकै साधारण लाग्ने प्रतिभाको उपयोगले पनि उसलाई नाम, मान र पहिचान दिन सक्छ । धनगढीका मनोज चन्दको हस्तलेखन कलाले यी सबै कुरा दिएको छ ।

विभिन्न विद्यालयमा पुगेर आफूले दाहिने हातले सुल्टो र उल्टो, देब्रे हातले उल्टो र सुल्टो, दुवै हातले एकैचोटि उल्टो र सुल्टो लेखेर विद्यार्थीहरूमाझ आफ्नो हस्तलेखन कला प्रदर्शन गर्दछन् । यसैगरी कुहिनामा कलम च्यापेर, मुखमा कलम च्यापेर र खुट्टाले कलम च्यापेर पनि सजिलै हस्तलेखन गर्न सक्छन् । एकै हातमा तीनवटा कलम समातेर चन्दले एकैपटक बोर्डमा लेख्दा विद्यार्थीहरू दङ्ग पर्नु स्वाभाविक हो ।

देवनागरी लिपिमा नेपाली र रोमन लिपिमा अङ्ग्रेजी दुवै भाषामा एक साथ फटाफट वर्ण, अक्षर र वाक्य लेखेर विद्यार्थीलाई बिस्मित पार्दै चन्द भन्छन्– हरेक व्यक्तिमा प्रतिभा हुन्छ, त्यसलाई आफूले चिनेर उपयोग गर्नुपर्दछ । कुनै पनि मानिस प्रतिभाविहीन होइन र कुनै पनि प्रतिभा सानो भन्ने हुँदैन ।

शुक्रवार गरुडामा आफ्नो हस्तलेखन कलाको जादू देखाएका चन्दले अहिलेसम्म ३ हजार ६०० भन्दा बढी विद्यालयमा पुगेर आफ्नो प्रतिभाको प्रदर्शन गरिसकेको बताएका छन् । नेपालको ७२ जिल्लामा आफू यही प्रतिभा देखाउँदै पुगिसकेको बताउने चन्दले विश्वका विभिन्न २५ मुलुकमा आफू पुगेर आफ्नो प्रतिभाको प्रशंसा प्राप्त गरेको सगर्व सुनाउँछन् ।



तस्वीरः प्रतीक

विद्यार्थीका माझमा कला प्रदर्शन गर्दै कुनै बाध्यात्मक अवस्था होइन तर पाँच/दश रुपैयाँ जम्मा गरेर आफूलाई दिन बडो मुश्किलले भन्छन् । त्यही रकमले आफू एकजना साथीका साथमा देशका कुनाकुना र विदेशमा पनि पुगिरहेको बताउँदै चन्दले बालबालिकालाई समयमैं आफ्नो प्रतिभाको पहिचान गरेर आफूलाई अरूसमक्ष चिनाउन आग्रह पनि गर्दछन् ।

अभ्यास गर्दागर्दै आफूले अनेक किसिमले लेख्न सिकेको बताउँदै चन्दले सफल हुन अभ्यासले सबैभन्दा महत्त्वपूर्ण भूमिका खेल्ने बताए ।

## माग अनुसार मल आपूर्ति हुन नसक्ने कृषि सामग्रीको भनाइ

नितेश कर्ण, वीरगंज, २ पुस/

कृषि सामग्री कम्पनी लि., वीरगंजका प्रमुख गोरखनाथ केसीले माग अनुसारको रासायनिक मलको आपूर्ति हुन नसकेको स्वीकारेका छन् । उनले पर्सा जिल्लामा रासायनिक मलको माग बढेको तर सो अनुरूप आपूर्ति हुन नसकेको बताए ।

उनले आफ्नो कम्पनीको पन्ध्रवटा कार्यालयमा आपूर्ति गर्नुपर्ने जिम्मेवारी भएको र प्राप्त रासायनिक मल सोही अनुरूप सबै कार्यालयमा पठाउने गरेको बताए । उनले पर्सा जिल्लामा अहिले डिएपी र युरिया दुई/दुई हजार मेट्रिक टन खपत भइसकेको र थोरै मात्र सञ्चित रहेको बताए । उनले गहुँको मौसममा मलको माग बढी भएको र सो अनुरूप आपूर्ति नहुँदा समस्या झेल्नुपरेको बताए ।


कृषि सामग्री कम्पनी, वीरगंजका प्रमुख केसी र कार्यालय परिसर । तस्वीरः प्रतीक

अहिले मलको माग अलि होलो भएको बताए ।

प्रमुख केसीले गत वर्षको मौज्दातमा युरिया तीन हजार चार सय किलो, डिएपी ६८ हजार १५० किलो र पोटास ३३ हजार ६ सय किलो रहेको र यस वर्ष युरिया ६२ हजार ५४२.४५० मेट्रिक टन, डिएपी ४३ हजार १६७.१०० मेट्रिक टन र पोटास ४ हजार ६२१.५० मेट्रिक टन प्राप्त भएको बताए । उनले पन्ध्रवटा कार्यालयमा युरिया ४६ हजार ४५२.५०

(बाँकी अन्तिम पातामा)

## सिम्रौनगढमा काउलीखेतीको आकर्षण

रामेश्वर मेहता, सिम्रौनगढ, १ पुस/

आलुखेतीका लागि चर्चित सिम्रौनगढ इलाकामा अहिले काउलीखेती बढ्दो छ । किसानहरूले नगदेबालीको रूपमा काउलीखेतीमा आकर्षण देखाएका छन् ।

यसअघि यस क्षेत्रमा आलुको खेती प्रचुर मात्रामा हुँदै आएको थियो । सिम्रौनगढलाई आलुखेतीको रूपमा चिनिन्थ्यो भने अहिले काउलीको खेती बढ्दो छ । काउलीखेतीबाट मनग्य आम्दानी हुने भएकोले यसतर्फ किसानहरूको आकर्षण बढेको सिम्रौनगढ नपा–७ खजानीका किसान राजकुमार कुशवाहा बताउँछन् ।


काउलीखेती । तस्वीरः प्रतीक

सिम्रौनगढमा उत्पादन हुने काउली अहिले कलैया, वीरगंज, गौर, जनकपुर, चन्द्रनिगाहपुर, हेटौंडा, काठमाडौंसम्म पुग्ने गरेको छ ।

यसैगरी, सीमावर्ती भारतको घोडासहन बजारसम्म पनि काउली पुग्छ।


तस्वीरः प्रतीक

बीस वर्षअगाडि सिम्रौनगढ क्षेत्र गाँजाखेतीमा चर्चित थियो ।

गाँजाखेतीको विकल्पमा यहाँका किसानहरू आलुखेती गर्दै आएका थिए तर पछिल्लो चरणमा काउलीबाट मनग्य आम्दानी हुन थालेपछि किसानहरूले काउलीखेती गर्न शुरू गरेका हुन् । अहिले सिम्रौनगढ इलाकाको गोलागंज, अमृतगंज, हरिहरपुर, सलेमपुर, जानकीनगर, झवानी, कमलपुर, अमरपुर, देवापुर टेंटा, कचोर्वालगायतका क्षेत्रमा तीन सय बिघा बढी खेतमा काउलीखेती गरिएको छ ।

सिम्रौनगढ कृषि शाखाले जनाए अनुसार यो क्षेत्रमा रोपिने काउलीमा हाइब्रिड, सेमनिज र सजन्डा जातका छन् । यी काउली एकदेखि तीन किलो वजनसम्म उत्पादन हुने गरेको कृषि शाखाले जनाएको छ ।

काउलीखेती बढे पनि योसँगै समस्या पनि बढेको छ । किसानहरूले सहजरूपमा मल, औषधि पाउन सकेका छैनन् । यसैगरी, यसमा लाग्ने रोग सम्बन्धमा कृषि शाखामा विज्ञहरू राखिएका छैनन्, जसले गर्दा किसानहरूले बेलाबखत काउलीमा लाग्ने रोगविरुद्ध कार्य गर्न सकेका छैनन् । रोग लागेको खण्डमा ठूलो लगानी डुब्ने खतरा यथावत् छ । कृषि शाखालाई यहाँ गरिने तरकारीखेतीसम्बन्धी विज्ञहरू राख्न किसानहरूले बेलाबखत आग्रह गर्दै आएपनि सुनवाइ भएको छैन । विज्ञहरू राखिएको खण्डमा यस क्षेत्रमा अझ बढी काउलीखेती फस्टाउने किसानहरूको भनाइ छ ।



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

eprateekdaily.com

### सवारीसाधनहरू बिक्रीसम्बन्धी सूचना

तपसिलमा उल्लिखित सवारीसाधनहरू जे जस्तो अवस्थामा छन्, सोही अवस्थामा बिक्री गर्ने भएकोले इच्छुक व्यक्ति/फर्म/कम्पनी तथा सङ्घसंस्थाहरूले आवश्यक कागजातहरूको साथ निवेदन पेस गर्नुहुन जानकारी गराइन्छ ।

सवारीसाधनको विवरण

| क्रसं | सवारीसाधन | कम्पनी | मोडल | सङ्ख्या |
|---|---|---|---|---|
| १ | विङ्गर | टाटा | विङ्गर | १ |
| २ | मोटरसाइकल | हीरो | सुपर स्पेलेन्डर | २ |
| ३ | मोटरसाइकल | यामाहा | सलुटो | १ |

उल्लिखित सवारीसाधनहरू अवलोकन तथा अन्य जानकारीका लागि कार्यालय समयमा तल उल्लिखित विवरणमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**सम्पर्क विवरणः फोन नं ०५१-५९१२३५, मोबाइल नं ९८०२७३२२२३**

***नोटः सवारीसाधनहरू बिक्रीसम्बन्धी शर्तहरू लागू हुनेछन् ।***

**विचारसार र सूक्तिहरू**

**शरीरलाई रोगी र दुर्बल राख्नेजस्तो ठूलो पाप अरू केही होइन ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९,
फोन नं. ०५१-५२५१२२, ५२३१०५, ९८४५०२१९१०
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


## काङ्ग्रेस महाधिवेशनको सन्देश

**नेपाली काङ्ग्रेसमा लामो समयदेखि झाँगिदै आएको गुट–उपगुट अब कमजोर देखियो । गुट–उपगुटभन्दा पनि योग्यता र क्षमताको आधारमा नेता चयन गर्नुपर्नेमा बहुसङ्ख्यक नेका कार्यकर्ता उभिएका छन् । सभापतिमा पुनः शेरबहादुर देउवा निर्वाचित हुनुमा गुट नभई मतदाताले ठूलो सोच, समझ र विवेक पुऱ्याएको मान्नुपर्छ । विधान अनुसार नेपाली काङ्ग्रेसको केन्द्रीय सभापतिमा एक व्यक्ति दुई कार्यकालभन्दा बढी चयन हुन पाउँदैनन् । देउवाको यो अन्तिम कार्यकाल हो । आउँदो कार्यकालदेखि जसरी पनि अरूले मौका पाउने भयो । सभापतिमा आफ्नै परिवारका सदस्यलाई उत्तराधिकारीको रूपमा तयार गर्लां कि भन्ने पनि छैन । देउवा पत्नी डा आरजु देउवा राजनीतिमा प्रवेश गरिसकेकी भए तापनि सभापतिकै दाबी गर्ने अवस्था देखिंदैन । अर्कोतर्फ मुलुकको बहालवाला प्रधानमन्त्री रहेकै अवस्थामा पार्टी सभापतिको पद गुम्दा त्यसले सरकार सञ्चालनमा समेत प्रत्यक्ष असर पर्ने र पार्टी भित्र नयाँ–नयाँ समस्याहरू सिर्जना हुन सक्ने अवस्था देखियो । यो महाधिवेशनमा देउवालाई हराएमा अर्कोपटक उनले पुनः सभापतिमा दाबी गर्न सक्ने अवस्था रहिरहने हुँदा गुट झन् मौलाउने सम्भावना रहन्थ्यो ।**

**हुनत दोस्रो चरणमा डा शेखर कोइरालाबाहेक सभापतिका सबै उम्मेदवारहरूले देउवालाई समर्थन गरे । तर त्यसरी समर्थन गर्नुपूर्व अन्य पदाधिकारीका लागि मतदाताले दिएको मत पनि गुटगत देखिएको छैन । पार्टी उपसभापतिका दुई पदमध्ये देउवा प्यानलका पूर्णबहादुर खड्कालाई विजयी हुने मत पहिले नै बाकसमा परिसकेको थियो । त्यसैगरी, विजयी दोस्रो उपसभापति धनराज गुरुङ कोइराला टीमका हुन् । यता महामन्त्रीमा कोइराला टीमका गगन थापा दुई तिहाइ मतले विजयी भएका छन् भने प्रकाशमान सिंह टीमका विश्वप्रकाश शर्मा पनि विजयी भएका छन् । सभापतिको उम्मेदवारमा सिंहले १० प्रतिशत मत कटाउन सकेनन् । उनकै टीमबाट शर्मा विजयी हुनु गुटको राजनीति तोडेर मतदाता अगाडि बढेका हुन् भन्ने प्रमाण हो । यसैगरी, अन्य पदाधिकारीहरूको छनोटमा पनि मतदाताले सकभर निष्पक्ष निर्णय गर्न खोजेको देखिन्छ । गुटकै आधारमा मात्रै पार्टी नेतृत्व लिन सकिन्छ भन्ने विभिन्न दलका नेतृत्व तहको मनोरोगलाई नेका महाधिवेशनले ठूलो झटका दिएको छ भने अर्कोतर्फ परम्परागत नेतृत्व परिवर्तनको सङ्केत गरेको छ ।**

**मुलुककै ठूलो पार्टी नेकपा एमालेको महाधिवेशन केही दिन पहिले सम्पन्न भयो । त्यसमा पार्टी संस्थापन पक्षले आन्तरिक लोकतन्त्रको अभ्यास गरेको पाइएन । तत्कालीन अवस्थामा पनि पार्टी अध्यक्ष रहेका केपी शर्मा ओली पक्षले निर्वाचन प्रक्रियामा जाँदा मत दिनुपर्ने र मत दिनुनपर्ने भनेर दुईवटा नाम लिस्ट सार्वजनिक गरेको थियो । मत दिनुपर्ने पक्ष स्वीकार गर्नेलाई ओली पक्ष र स्वीकार नगर्नेलाई फुट परस्त माधव नेपाल पक्ष अर्थात् भीम रावल पक्ष मानिनेछ भनेर चेतावनी दिइयो । ओली पक्षधरकै धेरैजना आकाङ्क्षी चेतावनीपछि मन खुम्च्याएर बस्न बाध्य भए । निर्वाचन प्रक्रियामा गए पनि मतदाताले भयरहित, निर्धक्कसाथ मतदान गर्न नपाएको गुनासो बाहिरियो । जबसम्म पार्टी सङ्गठनभित्रको आन्तरिक लोकतन्त्र सुदृढ हुँदैन, तबसम्म पार्टी नेतृत्वमा निरङ्कुशता हाबी हुन्छ । नेतृत्वको निरङ्कुशताको असर जनस्तरसम्म पुगेमा पार्टीको अस्तित्व धरापमा पर्न सक्छ । यसर्थ कुनै पनि दलभित्र गुट र हनुमान प्रवृत्तिभन्दा पनि निष्पक्षता [redacted]री हुनेछ ।**

# स्वार्थको राजनीतिले नेताको विकास मात्रै हुन्छ, देशको होइन ?

स्वतन्त्र विचार



वैधनाथ श्रमजीवी
baidhnath2071@gmail.com

**जबसम्म देशमा व्यक्तिगत स्वार्थको राजनीतिलाई प्राथमिकतामा राखेर अगाडि बढ्ने संस्कार र संस्थागत प्रवृत्ति कायम रहन्छ, तबसम्म राजनीति यस्तो पेशा भइरहन्छ, जसमा नेताहरूको दिन दुई गुना रात चौगुना विकास हुन्छ र देश दिन प्रतिदिन कङ्गाल भइरहन्छ ।**

यतिबेला चारैतिर नेपाली काङ्ग्रेस सभापतिमा फेरि पनि शेरबहादुर देउवा विजयी भएको चर्चा चलिरहेको छ । अधिवेशनमा पहिलो चरणमा सभापतिको लागि भएको उम्मेदवारी र प्यानलबाजीले आम बुझाइ थियो कि यसपालि सभापति फेरिन्छ तर दोस्रो चरणको निर्वाचनसम्म आइपुग्दा रातारात प्यानलहरू बदलिए । समीकरणहरू भत्के र फेरि पनि शेरबहादुर देउवा नै निर्वाचित भए ।

नेपाली काङ्ग्रेसमा जेलनेल खाएका, प्रजातन्त्रको लागि यातना झेलेका शेरबहादुर देउवाको समकक्षी उम्मेदवारको रूपमा रामचन्द्र पौडेल देखिए पनि देउवाइतर उम्मेदवारहरूले पौडेललाई समर्थन पनि नगर्ने र उनीहरू स्वयम् एक भई एउटै उम्मेदवारको रूपमा प्रस्तुत पनि नहुने पक्का भएपछि बिचरा रामचन्द्रले सार्वजनिकरूपमैं सञ्चारमाध्यमकै अगाडि रुँदै आफ्नो उम्मेदवारी फिर्ता लिएको दृश्य सबैले देखेकै हो ।

यतिबेला विमलेन्द्र निधि, प्रकाशमान सिंह, शशाङ्क कोइरालाले देउवासँगको आन्तरिक मन्त्री पदको लेनदेनमा आफ्नो उम्मेदवारी फिर्ता लिएर शेरबहादुरलाई सघाएको सबैको अगाडि छर्लङ्ग भइसकेको छ । अर्थात् पदको लागि बिक्री हुने नेताहरू नेपाली काङ्ग्रेसमा यतिखेर धेरै रहेको देखिएको छ ।

संसारमा जहाँ पनि राजनीतिमा लागेका नेताहरू तीन प्रकारका हुने गर्छन् । पहिलो, प्रतिक्रियावादी राज्यसत्ताविरुद्धको लडाइँमा स्वयम् होमिएर खारिएका नेताहरू । यस्ता नेताहरूको रगत, पसिना, त्याग, बलिदान, क्रान्ति वा आन्दोलनमा लागेको हुन्छ ।

दोस्रो, यस अन्तर्गत पर्ने नेताहरू कस्ता हुन्छन् भनी स्वयम् यिनको आफ्नै त्याग, बलिदान केही पनि हुँदैन तर यिनको बाउबाजेको बलिदान हुन्छ । यस प्रकारका नेताहरूले बाउबाजेको बलिदानको ब्याज वर्षौंसम्म खाइरहेका हुन्छन् ।

तेस्रो, यस श्रेणीमा यस्ता नेताहरू हुन्छन्, जसको बाउबाजेको क्रान्तिमा कुनै लगानी हुँदैन तर ऊ विकासप्रेमी हुन्छ । उसका क्रियाकलापहरू समाजमा सेवामुखी हुने गर्छ । हो, यस्ता नेताहरू प्रत्येक देश, काल, परिस्थितिमा राजनीतिको यात्रामा यदाकदा न्यून मात्रामा भेटिन्छन् ।

जहाँसम्म नेपाली राजनीतिको सवाल छ, हाम्रो देशमा २००७ सालको आन्दोलनमा त्याग, बलिदान गरेका नेताहरू जो राजनीतिमा चर्चित थिए, उनीहरू धेरैजसोको देहावसान भइसकेको छ । एकाध जो जीवित छन्, जनताले उनीहरूको चरित्र हेरिसकेका छन् । वास्तवमा साँच्चै भन्ने हो भने यतिबेला नेपाली राजनीतिमा २००७ सालका त्यागी नेता जो समाज सेवामा समर्पित होस् र विकासप्रेमी होस् एकजना पनि जीवित छैनन् ।

अब रह्यो दोस्रो दर्जाको नेताको कुरा । अर्थात् बाउबाजेको त्यागको ब्याज खाने नेताहरूको सम्बन्धमा यस श्रेणीमा पर्ने नेताहरू खासगरी नेपाली काङ्ग्रेसभित्र प्रशस्त छन् । त्यागको कुरा आउँदा लौहपुरुष भनेर चिनिने गणेशमान सिंह जसले प्रधानमन्त्री पद पाउँदा त्यसको लागि उपयुक्त पात्र आफू होइन भन्दै कृष्णप्रसाद भट्टराईलाई अगाडि सारिदिए तर आज तिनकै छोरा प्रकाशमान सिंह त्यही मन्त्री पद पाउने शर्तमा पार्टीको गरिमामय सर्वोच्च पद सभापतिको निर्वाचनमा यथास्थितिवादी प्रवृत्तिलाई समर्थन गरे । नेपाली काङ्ग्रेसका गिरिजाप्रसाद कोइरालाको बहुमतको सरकार खसाल्ने शेरबहादुर देउवालाई आज त्यही कोइरालाका भतिजाले मन्त्री पदको लागि सभापति पदका उम्मेदवार देउवासँग बार्गेनिङ गरेर आफ्नो कोइराला बन्धुको पिठ्यूँमा छुरा धसेका छन् ।

यसरी घात–प्रतिघातका खेलहरूमा नेपाली नेताहरू देशको स्वार्थमा वा विकासका लागि गरेका होइनन् कि उनीहरू व्यक्तिगत लाभका लागि पार्टीभित्रको आन्तरिक समीकरण बदलेका छन् । यस्तो छैन कि नेपाली काङ्ग्रेसभित्र नेताहरूको अवस्था पद र पैसामुखी मात्रै छ बरु नेपाल कम्युनिस्ट पार्टीको मूलधारको रूपमा परिचित नेकपा एमाले, नेकपा माओवादी केन्द्रलगायत सबै कम्युनिस्ट पार्टी जो संसदीय राजनीतिमा सक्रिय छन्, तिनीहरू सबैको प्रमुख नेतृत्वदायी तहसम्ममा पद र पैसाप्रति आकर्षण त्यतिकै बढ्दा र खतरनाक अवस्थामा रहेको कुरा पटक–पटक देखिएको छ ।

झन्डै दुई तिहाइको मतबाट जितेका तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (नेकपा एमाले+नेकपा माओवादी केन्द्र)को सरकार पार्टीका अध्यक्षद्वय खड्गप्रसाद शर्मा ओली तथा पुष्पकमल दाहाललगायत पदका लोभीपापी माधवकुमार नेपाल, झलनाथ खनाल, भीम रावल, घनश्याम भुसाल, गोकर्ण विष्ट, सुरेन्द्र पाण्डे आदिहरूले आफ्नै एकमना सरकार ढालेर संसद्मा नाङ्गो नाच प्रदर्शन गरेका थिए ।

यतिबेला हाम्रो देशमा कुनै पनि यस्तो निकाय छैन, जो स्वतन्त्र होस् । औपचारिकरूपमा जेजस्तो लेखिए वा भनिए पनि वास्तवमा सर्वत्र राजनीतिक दलहरूले भागबन्डा लगाएका छन् । आआफ्नो हैसियत अनुसार सबै क्षेत्र, सेवा, निकाय, सङ्काय आदिमा राजनीतिक दलहरूले आफूखुशी आफ्ना मान्छे राखेका छन् । यसको अपवाद कुनै क्षेत्र छैन । अब यस्तोमा प्रश्न उठ्छ के यस्ता स्वार्थी नेताहरूबाट देशको विकास सम्भव छ ? अथवा के यिनीहरू देशको समृद्धिका लागि रातदिन मरिमेटेर खट्लान् ?

दुवै प्रश्नको उत्तर एउटै छ, कदापि होइन । यतिबेला हामीसँग २००७ सालको आन्दोलनमा त्याग, बलिदान गर्ने नेता, कार्यकर्ताको अभाव भएपनि २०४६ र २०६२/६३ सालको आन्दोलनमा लाग्ने तथा २०५२ सालदेखि दश वर्ष लगातार विद्रोह गर्ने नेता, कार्यकर्ताको कुनै कमी छैन । प्रत्येक गाउँ, वडा, झापा आन्दोलनदेखि माओवादी विद्रोहसम्मका नेता, कार्यकर्ताहरू पर्याप्त मात्रामा भेटिन्छन् । तर आजसम्म मुलुकले काँचुली फेर्न नसकेको कारण के हो ? यसतर्फ समेत विचार पुऱ्याउन जरुरी छ ।

२००७ सालको आन्दोलनमा प्रमुख भूमिका खेल्ने नेपाली काङ्ग्रेस, २०४५/४६ सालको आन्दोलनमा प्रमुख भूमिका खेल्ने नेपाल कम्युनिस्ट पार्टी मालेको अगुवाईमा संयुक्त वाम मोर्चा तथा नेपाली काङ्ग्रेस तथा गणतन्त्र ल्याउन महत्त्वपूर्ण भूमिका खेल्ने नेकपा माओवादी २०४५ देखि २०७८ सम्म आइपुग्दा पटक–पटक यिनीहरू सत्तामा गए । प्रत्येक चोटी जनतालाई चुनावमा मीठो सपना बाँडे । आकर्षक चुनावी घोषणापत्र देखाए तर जितिसकेपछि कहिले गाउँ फर्केर कोही पनि गएनन्, जनताको हालखबर बुझ्न । गाउँगाउँमा कार्यकर्ताहरू काङ्ग्रेस, एमाले, राप्रपा र माओवादी भन्दै 'म राम्रो, तँ खराब', 'म महान्, तँ फटाहा' भनेर टाउको फोडाफोड तथा पानी बाराबार गरिरहे । यता काठमाडौंमा सबै पार्टीका प्रमुख नेताहरू आआफ्नो व्यक्तिगत स्वार्थसिद्ध गर्न घाँटी जोडिरहे । कसैले कसैको छोरीलाई जिताउन कुनै कार्यकर्ताको लगानीको हत्या गरे भने कसैले आफू माथि जान स्वयम् आफैंले निर्माण गरेको पार्टीको आत्महत्या गरे ।

यस्ता व्यक्तिगत हित हुने घिनलाग्दा सहमति सम्झौतापश्चात् बनेका सरकारले आखिर के गरे ? देशको विकास र समृद्धिको नक्शा कोरेर त्यसलाई कार्यान्वयन गर्ने दिशामा अगाडि बढे त ? पक्कै पनि कोही पनि बढेनन् । सबैले कसरी रातारात करोडपति बन्ने त्यसैको जोहो गर्ने काममा लागिपरे । अर्कोतिर स्वभावैले एकअर्काको खुट्टा तानातान गर्नमा नै सम्पूर्ण समय व्यतीत गरे । जबसम्म देशमा व्यक्तिगत स्वार्थको राजनीतिलाई प्राथमिकतामा राखेर अगाडि बढ्ने संस्कार र संस्थागत प्रवृत्ति कायम रहन्छ, तबसम्म राजनीति यस्तो पेशा भइरहन्छ, जसमा नेताहरूको दिन दुई गुना रात चौगुना विकास हुन्छ र देश दिन प्रतिदिन कङ्गाल भइरहन्छ ।

## मानवबस्तीनजीकैको उखुबारीमा चितुवाको बच्चा फेला

प्रस, निजगढ, २ पुस/

बाराको कलैया उपमहानगरपालिका २४ सखुई बस्तीनजीकैको उखुबारीमा



उखुबारीमा भेटिएका चितुवाका बच्चा । तस्वीरः प्रतीक

चितुवाका दुईवटा बच्चा जीवित फेला परेको छ ।

उखुबारीमा घाँस काट्न जाँदा बिरालो प्रजातिको अनौठो जनावरको बच्चा देखेपछि सचेत स्थानीयले हलखोरिया सबडिभिजन वन कार्यालय, डुमरवानाका वन कर्मचारी र प्रहरीलाई जानकारी दिएका थिए । सो जानकारी पाउने बित्तिकै डिभिजन वन कार्यालय, बाराका वन कर्मचारी उक्त स्थानमा पुगी हेर्दा चितुवाको बच्चा रहेको डिवका, बाराका सहायक वन अधिकृत जवाहरलाल कुर्मीले बताए । वन कर्मचारीले नियन्त्रणमा लिएको चितुवाका जीवितै दुईवटा बच्चालाई सकुशल पर्सा राष्ट्रिय निकुञ्जको कार्यालय आधाभार बुझाएको डिवका, बाराका प्रमुख एवं डिएफओ मन्जुर अहमदले जानकारी दिए ।

पर्सा राष्ट्रिय निकुञ्जको क्षेत्र विस्तारसँगै चितुवा, बाघ जस्ता वन्यजन्तुको चहलपहल बढेको स्थानीयहरू बताउँछन् । राजमार्गबाट वनजङ्गलको बाटो हुँदै गाउँबस्ती जाने सडकहरूमा समेत चितुवा, बाघ देखा पर्ने गरेको बोधवनका रामप्रसाद चिमरियाले बताए । उक्त चितुवाको बच्चा फेला परेको स्थान पर्सा राष्ट्रिय निकुञ्जदेखि १३ किलोमिटरभन्दा बढी छ भने राष्ट्रिय वन क्षेत्रबाट करीब ६ किलोमिटर टाढा छ ।

## आप्रवासी हकहितद्वारा प्रमलाई ज्ञापन

प्रस, वीरगंज, २ पुस/

आप्रवासी हकहित सञ्जाल, पर्साले नौ सूत्रीय माग राख्दै जिल्ला प्रशासन कार्यालय, पर्सामार्फत प्रधानमन्त्रीलाई ज्ञापन बुझाएको छ ।

घण्टाघरबाट निस्केको जुलुस जिल्ला प्रशासन कार्यालय, पर्सामा पुगी सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेललाई आप्रवासी सङ्घका अध्यक्ष जुल्फिकार मियाँ मन्सुरीले ज्ञापन दिएका थिए । ज्ञापनपत्रमा नेपाल सरकारले ल्याएको न्यून लागतसम्बन्धी प्रावधानको प्रभावकारी कार्यान्वयन, वैदेशिक रोजगार बोर्ड अन्तर्गत दिने सेवा पालिकाबाट दिनुपर्ने, विदेश जाने युवालाई विनाधितो ऋण, वैदेशिक रोजगारको क्रममा ज्यान गुमाएका वा अपाङ्ग भएकाहरूलाई रोजगारको व्यवस्था, रोजगारको क्रममा ठगी शोषणमा परेकाहरूको स्थानीय तहमा न्याय निरूपण हुनुपर्ने व्यवस्था, आप्रवासीहरूलाई सीपमूलक तथा उद्यमशीलताको व्यवस्था, रोजगारको क्रममा ज्यान गुमाएका व्यक्तिका बच्चाहरूलाई शिक्षा, छात्रवृत्ति र बीमाको व्यवस्थाको माग गरिएको छ ।

## अपाङ्गताबारे दुई दिने तालीम सम्पन्न

प्रस, ठोरी, २ पुस/

बालविकास तहदेखि कक्षा तीनसम्म अध्ययनरत बालबालिकाहरूको अपाङ्गताको प्रारम्भिक पहिचानसम्बन्धी दुई दिने तालीम शुक्रवार सम्पन्न भएको छ । ठोरी गाउँपालिकाको संयोजन तथा सामाजिक संस्था जिल्ला समन्वय समिति, पर्साको आयोजनामा सञ्चालित तालीम आज ठोरी गापा–४ घ्याङडाँडास्थित ज्ञानज्योति मावि भवनमा सम्पन्न भएको हो । प्रशिक्षक जयकिशोर साहले गापाका सामुदायिक विद्यालयका प्रधानाध्यापक तथा लेखापालहरूलाई प्रशिक्षण दिएका थिए ।

सामुदायिक विद्यालयहरूमा बालविकास तहदेखि कक्षा तीनसम्म अध्ययनरत दुईदेखि चार वर्षसम्मका एकथरी र पाँचदेखि सत्र वर्षसम्मका अर्काथरी गरी दुई समूहका बालबालिकाहरूमा प्रारम्भिक अवस्थामा नै विद्यालयले कुनै प्रकारको अपाङ्गता भए/नभएको यकीनका साथ पहिचान गरी अपाङ्गता भएमा आवश्यक उपचारका लागि सम्बन्धित निकायमा सिफारिश गर्न तालीमको आयोजना गरिएको थियो । गापा अध्यक्ष पद्मलाल श्रेष्ठको अध्यक्षतामा भएको तालीम समापन कार्यक्रममा सामाजिक विकास अधिकृत धर्मराजबहादुर थापा, शिक्षा संयोजक भुपालकुमार जोशीलगायतले मन्तव्य राखेका थिए ।

[redacted]र्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

वाटिका

वर्ष-३५ | २०७८ पुस ०३ गते शनिवार | 2021 December 18 Saturday


# एउटा आश्चर्यमाथि पाइला टेकेर

स्वान्तः सुखाय



सञ्जय मित्र
mitrasanjay41@gmail.com

**आजभोलि गूगलको सहायताले बाटो हिंड्ने चलन बढिसकेको छ। गूगल म्याप निकालेर त्यसले जताजता निर्देश गर्दछ, उतातिर अगाडि बढ्ने धेरै छन्। यसले धेरै सहयोग पनि पुगेको हुन्छ तर यसमा केही समस्या हुन्छ। यसले धेरै बाटो देखाउँछ र सबैभन्दा नजीकको बाटो देखाउने हुन्छ।**

आश्चर्य भन्नुको तात्पर्य मानिसका लागि अपत्यारिलो हुनु हो। संसारमा धेरै कुरा अपत्यारिला पनि छन्। कतिपय कुरा रहस्यात्मक पनि छन्। रहस्यलाई नबुझेसम्म आश्चर्य पनि मानिन्छन्। सबै रहस्य बुझेर पनि यदि साधारणतया मानिसबाट कुनै काम हुन कठिन हुन्छ भने त्यो पनि आश्चर्य हो। मानिसले बनाएको कतिपय कुरा मानिसकै लागि आश्चर्यको विषय बन्ने गरेको छ। केही दशक पहिलेसम्म काठमाडौंको धरहरालाई हेरेर उपत्यकाबाहिरबाट जानेहरूले आश्चर्य मान्ने गरेका थिए। मैले पनि पहिलोचोटि धरहरालाई विस्फारित नयनले अपत्यारिलो र अविश्वासिलो दृष्टिले अपलक हेरेको थिएँ। मैले हेरिरहेको छु र मैले देखिरहेको छु तर यो आश्चर्य हो भन्ने भइरहेको थियो। म भर्खरको नवयुवा थिएँ र पहिलोचोटि काठमाडौंमा पाइला टेकेको थिएँ। त्यत्ति बेलासम्म काठमाडौं उपत्यकालाई बुबाले नेपाल नै सम्बोधन गर्नुहुन्थ्यो।


विश्वमा अनेक आश्चर्य छन् तर हाम्रो देशको नजीकमा दुई आश्चर्यलाई विश्वले पनि आश्चर्य मानेको छ। नेपालको उत्तरी छिमेकी चीनमा रहेको पर्खाललाई आश्चर्यको रूपमा मानिएको छ। के भनिन्छ भने चन्द्रमाबाट पृथ्वीमा स्पष्ट देखिने मानवनिर्मित त्यही पर्खाल मात्र हो रे। यो कहाँसम्म सत्य हो, आफ्नै ठाउँमा छ तर माटो र ढुङ्गाले निर्माण भएको यो पर्खालको निर्माणमा करीब एक हजार वर्ष लागेको पनि बताइन्छ। बीसदेखि तीस लाख मानिसले यसको निर्माणमा आफ्नो जीवन खर्च गरेको पनि मानिन्छ। पुरातत्त्व सर्वेक्षण विभागले केही समय पहिले गरेको सर्वेक्षणले संरचनासहित यस पर्खालको लम्बाइ आठ हजार आठ सय एकाउन्न किलोमिटरभन्दा बढी रहेको छ। युनेस्कोले यसलाई विश्वको धरोहरको रूपमा पनि स्वीकार गरिसकेको छ।

छिमेकी भारतमा रहेको आश्चर्य ताजमहल हो। ताजमहल भारतको उत्तर प्रदेशमा पर्दछ। आगरा सम्भवतः जिल्ला हुनुपर्दछ। आगरा शहरको नजीकै छ ताजमहल।

गत भदौ (२०७८) को दोस्रो हप्तासम्म भारतको झारखण्ड प्रान्तको देवघर जिल्लामा रहेको बाबाधामको मुख्य द्वार खुलिसकेको थिएन। मानिसहरूको आवतजावत दर्शन गर्नको लागि भइरहेको थिएन। यद्यपि कोरोनाको कहर निकै कम भइसकेको थियो। हरेक वर्ष बाबाधाम पुगेर दर्शन गरेपछि कतै नयाँ ठाउँको यात्रा गर्ने हाम्रा साथीहरूको परिपाटी गत वर्षको कोरोना कहरले हुन नसकेको अवस्थामा यसपटक त कतै न कतै निस्कनुपर्ला भन्ने थियो र पहिलो रोजाइमैं विश्वका आठ आश्चर्यमध्ये हाम्रो नजीकमा रहेको ताजमहलसम्म पुग्नुपर्दछ भन्ने भयो। हरेक वर्ष हामी बोलबमको भेषमा हुन्थ्यौं तर यसपटक भने साधारण पोशाकमा जानुपर्ने निर्णय भएको थियो। बाबाधामको क्षतिपूर्ति बनारसको काशी विश्वनाथ मन्दिरको दर्शन गर्ने भन्ने थियो। पहिले हामीले बनारसको काशी विश्वनाथ मन्दिरको दर्शन गर्‍यौं र त्यसपछि प्रयागराज (इलाहाबाद) हुँदै बढ्यौं आगरातर्फ।

आगरा जानको लागि लखनऊको बाटो धेरै राम्रो हुन्थ्यो तर हामीलाई यो पनि थियो कि कानपुर भएर जाऔं र लखनऊ भएर फर्कौंला। यसरी गर्दा उत्तर प्रदेशका दुई प्रमुख शहर कानपुर र लखनऊको पनि दर्शन हुनेछ। र गर्‍यौं पनि यसैगरी।

पुग्दापुग्दै झन्डै अबेर भइसकेको थियो आगरा। त्यसमाथि सडकमा जाम। हामीले पुरानो हाइवे समातेका थियौं, यस कारण ठाउँ-ठाउँमा जामको अवरोध सिर्जना हुन्थ्यो भने पुरानो सडक भएकोले आवश्यकता अनुसार तीव्र गतिमा चलाउन पनि पाउने अवस्था हुन्थेन। अझ जब ताजमहललाई परैबाट देख्ने भयौं, तब एक स्थानीय सज्जनले यो बताउँछन् कि आज बन्दको दिन हो। हप्तामा एक दिन ताजमहल बन्द गरिन्छ। कर्मचारीहरू बिदामा हुन्छन्। तालमहलको सफाइ गरिन्छ, सेनिटाइज गरिन्छ। अनि हामी बढ्छौं वृन्दावनतर्फ। वृन्दावन र ताजमहलको दूरी धेरै छैन। डेढदेखि दुई घण्टाको फरक छ। हुनत यो फरक पनि गाडीको गतिमा निर्भर हुन्छ। स्कार्पिओ सामान्यरूपमा चलाउँदा वृन्दावनबाट डेढदेखि दुई घण्टामा मज्जाले पुग्न सकिन्छ ताजमहल। करीब ७५ किलोमिटरको मात्र दूरीमा छन् दुवै स्थान।



ताजमहलअगाडि लेखक।

आजभोलि गूगलको सहायताले बाटो हिंड्ने चलन बढिसकेको छ। गूगल म्याप निकालेर त्यसले जताजता निर्देश गर्दछ, उतातिर अगाडि बढ्ने धेरै छन्। यसले धेरै सहयोग पनि पुगेको हुन्छ तर यसमा केही समस्या हुन्छ। यसले धेरै बाटो देखाउँछ र सबैभन्दा नजीकको बाटो देखाउने हुन्छ। यद्यपि हामीले गूगलको भन्दा मानिसलाई सोध्दै अगाडि बढेका छौं। सबैभन्दा हतार हाम्रो स्कार्पिओको चालकलाई छ। किनभने ऊ मुस्लिम समुदायको हो। उसले जीवनमा एकपटक आगराको ताजमहल हेर्ने इच्छा राखेको छ तर कहिले पूरा होला भन्ने थिएन। गाडी चलाउने भएको हुँदा हिजैदेखि उसलाई कतिखेर पुगेर ताजमहल हेरूँ भन्ने उसलाई भइरहेको छ। आगरा पुग्नुभन्दा केही किलोमिटर पहिले उसले आफूलाई सजाएको थियो हिजो। एउटा सैलुनमा पुगेर दारीलाई आफ्नो अनुकूल बनाएर, फेसियल गरेर तयार पारेको थियो तर त्यस दिन बन्द भएको सूचना पाउँदा ऊ निकै निराश भएको थियो। त्यही निराशामा उसले हामीलाई वृन्दावन पुर्‍याएको थियो, गोकुल र मथुरा घुमाएको थियो। प्रेम-मन्दिरको दर्शन गराएको थियो। आज जतिजति नजीक ताजमहल आउँदैछ, ऊ त्यत्ति उत्साहित हुँदैछ। उसको उत्साहले हाम्रो उत्सुकतालाई पनि बढाएको छ। आज हामी पहिलोचोटि विश्वका अनेक आश्चर्यमध्ये एकलाई आफ्नै आँखाले हेर्न पुगिरहेका छौं।

कतिपय हिन्दू मन्दिरमा विभिन्न पण्डा पुजारीले गर्दा सर्वसाधारणलाई धेरै पीडा दिने गर्दछ। बलजफ्ती यो गर, त्यो गर, यो गर्दा यो हुन्छ र त्यो गर्दा त्यो हुन्छ भन्छन्। ती सबै नाममा अनिच्छापूर्वक यात्रीसित सम्भव भएसम्म बढी रकम थुत्छन्। यो मलाई मन पर्दैन तर धेरैपटक यसरी रकम तिरेको छु। यात्रुको अप्ठ्यारो नबुझी केवल आफ्नो कमाइ हेर्ने चलन आगरामा झन् बढी छ। केही किलोमिटर पहिलेदेखि नै बाहिरबाट आउने गाडीलाई रोक्दै वा बिस्तारै चलाउँदा सँगसँगै दौडेर तथा कतिपय अवस्थामा मोटरसाइकलमा दौड्दै म डुलाउँछु भन्ने गर्दछन्। यसरी डुलाउँछु भन्नेले शुरूमा आफूलाई गाइड भन्छन्, असली गाइड भएको परिचयपत्र पनि देखाउँछन्, अरूलाई नक्कली पनि भन्छन्। यहाँ हेर्नलायक अरू के के छन् भन्ने पनि बताउँछन् तर यी सबैमा तिनीहरूले आफ्नो नाफा खोजिरहेका हुन्छन्। वास्तवमा कुनै पसलमा पुर्‍याएर केही सामान किन्न लगाउने र उक्त सामानको नाफाबाट आएको कमिशन पाउने योजना हुन्छ तिनीहरूको। अझ कतिपय यस्ता गाइडहरू त ताजमहलसम्म जाँदा पनि जाँदैनन्। पसलमा सामान किन्न लगाएर रफुचक्कर हुन्छन् फेरि अर्को मुर्गा फसाउन।

हाम्रो स्कार्पिओका चालकदेखि हामी सातैजना गरी सम्पूर्ण आठजनाको लागि यो ठाउँ बिल्कुलै नयाँ छ। यस कुरालाई त्यहाँका गाइड भनाउँदा ठगहरूले राम्ररी बुझेका छन्। उनीहरूको पेशा नै त्यही हो। वास्तवमा ताजमहल घुम्नलाई कुनै गाइडको आवश्यकता पर्दैन। यदि कोही डुल्न जानुहुन्छ भने ताजमहल पुग्ने बाटोको नक्शा देखाउने मोबाइल एप हेर्दै पुग्ने हो भने सबैभन्दा सजिलो। धेरै समय पनि जोगिन्छ र पैसा पनि धेरै कम खर्च हुन्छ। कथित गाइडहरूले दुई सयमा घुमाइदिन्छु भन्नेदेखि पचास रुपैयाँमा सारा ताजमहल देखाइदिन्छु र सबै कुरा बताइदिन्छु भनिरहेका हुन्छन्। त्यसको चक्करमा बिल्कुलै पर्नुहुँदैन भन्ने मलाई लागेको छ।

हामीलाई तीन समूहबिच डुलाइदिन

(बाँकी चौथो पातामा)

# वीरगंज चिनी कारखानाको “साइरन”

सरोकार



राजेश मिश्र
rajesh560107@gmail.com

**निर्धारित समयमा नियमित बज्ने साइरनको कर्णप्रिय ध्वनिका साथै वीरगंज चिनी कारखाना जीविकोपार्जनको प्रमुख आधारस्तम्भ थियो। रोजगारको प्रशस्त आधार अहिले खण्डहरमा परिणत भइसकेको छ। पर्सा र बारामा मात्रै दर्जनौं उदीयमान नेतागण छन्।**

‘नौ बजे के साइरन बाज गइल हो, झटकल चल लोगन’ अर्थात् नौ बजेको साइरन बज्यो है, तीव्र गतिमा हिंडौं भन्दै देहातबाट वीरगंज आउने मानिसहरूले एकले अर्कोलाई भन्थे। साइरन यति ठूलो ध्वनियुक्त थियो कि वीरगंज वरिपरि झन्डै ७/८ किमी टाढासम्म साइरनको ध्वनि गुञ्जायमान हुन्थ्यो। रातिको शान्त वातावरणमा अनुमानभन्दा पनि टाढासम्म साइरनको ध्वनि प्रतीत हुन्थ्यो। पर्सा र बाराका ग्रामीण क्षेत्रका साथै सीमापारि टाढाका बस्तीहरूमा वीरगंज चिनी कारखानाको साइरन मज्जाले सुनिन्थ्यो। हुनत चिनी कारखाना ठूलो क्षेत्रफलमा फैलिएकोले कारखानाका कर्मचारीहरूलाई सूचित गर्नका लागि ठूलो ध्वनि भएको साइरन प्रयोगमा ल्याइएको थियो। यद्यपि उक्त साइरन नितान्तरूपमा सर्वसाधारण मानिसहरूका लागि समेत समयको सूचक थियो। साइरनको ध्वनि कानमा पुगेपछि कारखानाका कर्मचारीहरूलाई काममा जाने तर्खरता त बढ्थ्यो नै साइरनले आममानिसहरूलाई समेत समयको बोध गराउँथ्यो। मजदूर, किसान, व्यापारी वा कर्मचारी जो जहाँ हुन्थे, उनीहरूलाई साइरनको आवाज सुन्ने बित्तिकै गन्तव्यमा पुग्ने व्यग्रता बढ्थ्यो।



वीरगंज चिनी कारखाना। तस्वीरः लेखक

चिनी कारखाना सञ्चालनमा रहँदासम्म पर्सादेखि सर्लाहीसम्मका किसानहरूको चासो उखुको उत्पादनमा केन्द्रित थियो। चिनी कारखानाको अवसानसँगै यस क्षेत्रमा उखुखेती अपवादबाहेक लोपोन्मुख छ। उहिले नगदेबालीको रूपमा उखुबाली नै किसानहरूका लागि आय आर्जनको प्रमुख स्रोत थियो। यसको अलावा जाडोको मौसममा पशुका लागि आहार र जाडो छल्ने तथा खाना पकाउने इन्धनको रूपमा उखुखेती उत्तम स्रोत थियो। कृषि उब्जनीहरूमध्ये उखुको खेती सबैभन्दा सरल, सहज र कम लागतमा अधिक आम्दानी हुने कृषि उपज हो। उखुखेतीको लागि सामान्य सिंचाइ उपलब्ध भए पुग्छ। एकपटक रोप्यो भने कम्तीमा पनि तीनपटक लाभ प्राप्त गर्न सकिने उखुखेतीप्रति यसै कारण किसानहरू आकर्षित हुन्छन्। तर के गर्नु वीरगंज चिनी कारखानाको अवसान भइसकेपछि साइरनको ध्वनि, उखुखेती, किसानको खुशी, रोजगार आदि सबै अवरुद्ध भए।

किसानहरूलाई केवल उखु काट्न तथा गाडामा लोड गर्नका लागि मात्र मजदूर आवश्यक पर्थ्यो। उखुको ‘गेल्हा’ (माथिल्लो हरियो टुप्पो) र ‘पगाड’ (सुकेको पात)को लागि गाउँ तथा आसपासका मानिसहरू स्वतः खेतमा आइपुग्थे। जाडोयाम शुरू भएसँगै वीरगंज चिनी कारखाना सञ्चालन हुन्थ्यो। उत्पादन शुरू हुन्थ्यो। चिनीको उत्पादन गर्नको लागि चाहिने कच्चा पदार्थ अर्थात् उखुले सरेह भरिभराउ हुन्थ्यो। मङ्सिरदेखि फागुनसम्म उखु कटानी र ढुवानी हुन्थ्यो। पर्सा, बारा र रौतहटलगायत देहातका विभिन्न स्थानमा वीरगंज चिनी कारखाना मातहतका उखु सङ्कलन केन्द्र थिए। उखु सङ्कलन केन्द्रमा जोख्ने कार्य हुनाले स्थानीयहरूले उक्त स्थानलाई ‘काँटा’ भनेर सम्बोधन गर्दथे। किसानहरू उखु सङ्कलन केन्द्रसम्म अधिकांश किसान बयलगाडा तथा नगन्य किसान ट्याक्टरमार्फत उखु ढुवानी गर्दथे। त्यहाँबाट चिनी कारखानाको ठूलो इन्जिन र दुईवटा टेलर भएको ट्याक्टर उखु लोड गरी वीरगंज पुग्थ्यो। उखु ढुवानी गर्ने उक्त ट्याक्टर कृषि कार्यमा प्रयोग हुने सामान्य ट्याक्टरभन्दा आकारमा धेरै ठूलो र बलियो थियो। अहिले उक्त ट्याक्टर सपनामा सीमित भइसकेको छ।

जाडोयाम शुरू भएसँगै देहातमा आगो ताप्ने उपक्रमहरूमध्ये ‘पगाड’ पनि एक थियो। गोधूलि नहुँदै गाउँहरूमा पगाडको धूवाँ जताततै देख्न सकिन्थ्यो। राति अबेरसम्म मानिसहरू आगो ताप्दै कुराकानी गरिरहन्थे। खेतीपातीमा आधारित कुराकानी नै देहाती मानिसहरूको प्रमुख प्रसङ्ग हुन्थ्यो। किनभने देहात पूर्णरूपेण कृषिमा आधारित र निर्भर थियो। दूरदराजका मानिसहरू जसले चिनी कारखानाको साइरनको ध्वनि वीरगंजमा सुनेका थिए, उनीहरू घुर ताप्दै चिनी कारखाना र साइरनको बखान गर्दथे। केटाकेटीहरू उत्साहपूर्वक सुन्थे। आफू कहिले ठूलो भइएला? कहिले वीरगंज जान पाइएला? कहिले साइरनको ध्वनि अनुभूति गर्न पाइएला? भन्दै हर्षविभोर हुन्थे। जाडोयाममा खानाभन्दा पनि मीठो लाग्ने घुर ताप्दै मानिसहरूलाई समय बितेको आभास नै हुन्थेन। जब चिनी कारखानाको साइरनको आवाज कानमा पुग्थ्यो, तब मानिसहरू घुर छाडेर फुर्र हुन्थे। नुहाउँथे, खान्थे र आआफ्ना काममा लाग्थे। वीरगंज आसपासका मानिसहरूको दिनचर्या नितान्तरूपमा साइरनको ध्वनिसँग आबद्ध थियो।

साइरनको आवाज कानमा पुगेपछि भान्साघरमा महिलाहरूको सक्रियता तीव्र हुन्थ्यो। चिनी कारखानाको साइरन बज्नासाथ घरका पुरुषहरू खाना खान हतारिँदै आइपुग्थे। समयमा खाना पकाउनु गृहिणी महिलाहरूको नित्यकर्म थियो। जति बिहान उठे पनि भान्साको काम गर्दागर्दै समय गएको पत्तो नै हुँदैन थियो। महिलाहरू पुरुषहरूभन्दा पहिले उठ्नुपर्थ्यो। किनभने सरेहमा जानुपर्ने भएकोले उज्यालो हुनुअगावै शौचादिको कामबाट निवृत्त हुनु महिलाहरूका लागि पहिलो चुनौती थियो। त्यसपछि घर व्यवहारको काममा जुट्नुपर्थ्यो। पुरुषहरू विभिन्न प्रयोजनार्थ शहरतिर जाने हुनाले निर्धारित समयमा खाना पकाउनु महिलाहरूका लागि दोस्रो चुनौती थियो। माटोको चुलो र प्राकृतिक इन्धनको भरमा खाना पकाउनु कम चुनौतीपूर्ण थिएन।

यता पुरुषहरू भने उठ्ने बित्तिकै शौचका लागि लोटा वा बोतलमा पानी लिएर सरेहतर्फ लाग्थे। शौचादिबाट निवृत्त भएपछि उतैबाट खेतमा जान्थे। अन्नबाली निरीक्षण गर्दथे। खेतबाट फर्केपछि प्रायःजसो पुरुषहरू घुर ताप्ने ठाउँमा जम्मा हुन्थे। घुर ताप्दै अन्य कुराकानी त हुन्थ्यो नै प्रमुख प्रसङ्ग उखु र चिनी कारखानाको हुन्थ्यो। कुरैकुरामा समय बितेको पत्तो नै हुँदैन थियो। जब चिनी कारखानाको साइरन बज्थ्यो, पुरुषहरू लखतरान घरतर्फ दौडिहाल्थे। साइरनको ध्वनि गुञ्जायमान भएपछि महिलाहरूको कार्यप्रगति तीव्र हुन्थ्यो। किनभने उनीहरूलाई थाहा थियो, अब पुरुषहरू दौडेर घर आइपुग्छन्। इनार, पोखरी वा चापाकलमा नुहाउन जान्छन्। त्यसपछि खाना खानको लागि घाममा बसेर कराउँछन्, “सुनतारू हो! खायक अभिले नइखे बनल का? जथी बन गइल बा, उहे ले आव जल्दी। काम पर जाएके बा, देरी होता।” अर्थात् सुन्यौ! खाना अहिलेसम्म पाकेको छैन कि क्या हो? जे पाकेको छ, त्यही लिएर आऊ, काममा जान ढिलो भयो।

निर्धारित समयमा नियमित बज्ने साइरनको कर्णप्रिय ध्वनिका साथै वीरगंज चिनी कारखाना जीविकोपार्जनको प्रमुख आधारस्तम्भ थियो। रोजगारको प्रशस्त आधार अहिले खण्डहरमा परिणत भइसकेको छ। पर्सा र बारामा मात्रै दर्जनौं उदीयमान नेतागण

(बाँकी चौथो पातामा)

# द्रोण पर्व–५६



महाभारतबाट सङ्कलन तथा अनुवाद
उमाशङ्कर द्विवेदी

अनि एउटा अत्यन्त तेजस्वी बाण कृतवर्मामाथि हाने। त्यो बाण कृतवर्माको कवचलाई च्यातेर उनको शरीरलाई छेड्दै रगताम्य भएर पृथ्वीमाथि खस्यो। त्यसको चोटबाट कृतवर्माको शरीर पनि रगताम्य हुन पुग्यो, उनको हातबाट धनुष खस्यो र उनी अत्यन्त पीडित भई रथमा थुचुक्क बसे।

यस प्रकारले कृतवर्मालाई परास्त गरेर सात्यकि अगि बढे। अब द्रोणाचार्य उनको सामु आई बाणवर्षा गर्न थाले। उनले तीनवटा बाणबाट सात्यकिको निधारमा चोट गरे तथा अनेकौं बाणबाट उनीमाथि वार गरे। आचार्य हाँस्दै पहिला तीस अनि पछि पचासवटा बाण हाने। यसबाट सात्यकि रिसले मुर्मुरिए। सात्यकिले नौवटा तीखो बाण आचार्यमाथि प्रहार गरे तथा उनको सामु नै एक सयवटा बाण हानेर उनको सारथि र ध्वजालाई काटिदिए। सात्यकिको यस्तो फुर्ती हेरेर आचार्यले सत्तरीवटा बाण हानेर उनको सारथि र घोडामाथि वार गरे। फेरि एउटा बाणबाट रथको ध्वजा काटेर अर्को बाणबाट सात्यकिको धनुषलाई काटिदिए। अनि सात्यकिले एउटा गदा उचालेर



 द्रोणमाथि प्रहार गरे। गदालाई आफूतिर आइरहेको हेरेर आचार्यले बीचमैं अनेकौं बाण हानेर त्यसलाई काटेर खसालिदिए। सात्यकिले अर्को धनुष लिई धेरैवटा बाण वर्षाएर द्रोणको दाहिने भुजालाई घाइते पारिदिए। यसबाट उनलाई असह्य पीडा भयो। आचार्यले एउटा अर्द्धचन्द्राकार बाणबाट सात्यकिको धनुषलाई काटेर एउटा शक्तिको प्रहार गरी उनको सारथिलाई मूर्छित पारिदिए। यतिबेला सात्यकिले बडो नै अमानुषिक कर्म गरे। उनी द्रोणाचार्यसित लड्दै रहे र एक हातले घोडाहरूको राश पनि सम्हालिरहे। उनले एउटा बाण हानेर द्रोणाचार्यको सारथिलाई पृथ्वीमाथि लडाइँ दिएर बाणबाट उनको घोडाहरूलाई यताउति भगाउन थाले। घोडाहरूले द्रोणाचार्यको रथलाई तान्दै रणाङ्गणमा हजारौं फनफन्ती घुमाउन थाले। त्यति बेला जम्मै राजा र राजकुमारहरूले कोलाहल मचाउन थाले अनि सात्यकिको बाणले विह्वल भएर ती सबै पनि युद्धमैदान छाडेर भागिहाले। यसबाट तपाईंको सेना फेरि पनि अव्यवस्थित हुन थाले। सात्यकिको बाणबाट पीडित भएका घोडाहरू हावाको गतिमा द्रोणाचार्यलाई व्यूहमुखमा लगेर उभ्याए। आचार्यले पाण्डव र पाञ्चालहरूको प्रयत्नबाट आफ्नो व्यूह भङ्ग भएको हेरेर पुनः सात्यकितर्फ जाने विचारलाई त्यागेर उनी पाण्डव र पाञ्चालहरूलाई अगि बढ्न रोकेर व्यूहको नै रक्षा गर्न थाले।

सञ्जयले भने– राजन्, यस प्रकारले द्रोणाचार्य तथा कृतवर्मा आदि तपाईंका वीरहरूलाई परास्त गरेर सात्यकिले आफ्ना सारथिसित भने– सूत, हाम्रो शत्रुहरूलाई त श्रीकृष्ण र अर्जुनले पहिले नै भस्म पारिदिएका छन्। हामीहरू त यिनीहरूको पराजयमा निमित्त मात्र हौं र पुरुषश्रेष्ठ अर्जुनले मारिदिएका योद्धाहरूलाई मात्र मारिरहेका छौं। सारथिसित यति कुरा सुनी ती शिनिकुलभूषण चारैतिर बाणवर्षा गर्दै आफ्ना शत्रुहरूमाथि जाइलागे। उनलाई बढिरहेको हेरेर राजकुमार सुदर्शन क्रोधित भएर उनको सामु आई बलात् रोक्न थाले। उनले सात्यकिमाथि हजारौं बाण हाने तर सात्यकिले ती बाणहरूलाई बीचमैं काटिदिए। यसै प्रकार सात्यकिले पनि उनीमाथि जति बाण हाने ती जम्मैलाई सुदर्शनले दुई/दुई, तीन/तीन टुक्रा पारिदिए। फेरि उनले कानसम्म धनुको डोरी तानेर तीनवटा बाण हाने। ती बाणहरू सात्यकिको कवचलाई छेडेर उनको शरीरभित्र छिर्यो, साथै चारवटा बाण उनले सात्यकिको घोडामाथि पनि हाने। अनि सात्यकिले बडो फुर्तीका साथ आफ्नो तीखो बाणद्वारा सुदर्शनका चारै घोडा मारेर ठूलो स्वरले सिंहनाद गरे। फेरि एउटा भल्लबाट सुदर्शनको सारथिलाई मारेर एउटा क्षुरप्रद्वारा उनको कुण्डलमण्डित शिरलाई गिंडबाट अलग्याइदिए। यस प्रकार राजा दुर्योधनका पौत्र सुदर्शनको संहार गरेर सात्यकिलाई बडो हर्ष भयो। सात्यकि तपाईंका सेनाहरूलाई आफ्नो बाणको झरीबाट पन्छाएर सबैलाई बिस्मित पार्दै अर्जुन भएको दिशातिर हिंडे। मार्गमा उनको सामु जुन शत्रु आउँथे, तिनलाई उनी अग्निको समान आफ्ना बाणमा होमिदिन्थे। उनको यस अद्भुत पराक्रमलाई अनेकौं वीरहरूले प्रशंसा गरिरहेका थिए।

उनले आफ्नो सारथिसित भने– लाग्दछ, महावीर अर्जुन यतैउति कतै छन्, किनकि उनको गाण्डीवको ध्वनि यहाँ सुनिंदैछ। मलाई शुभ–शकुन भइरहेको छ, यसबाट के लाग्दछ भने उनले सूर्यास्तभन्दा पहिले नै जयद्रथको वध गरिदिनेछन्। अब तिमीले घोडाहरूलाई अलिक आराम गर्न देऊ। अनि जता शत्रुहरूको सेना छ तथा जता दुर्योधनादि राजा एवं कम्बोज, यवन, शक, किराँत (सम्भवतः यिनीहरू नेपाली सैनिक थिए), दरद, बर्बर, ताम्रलिप्पतक तथा अनेकौं म्लेच्छहरू उभिएका छन्, उतै रथलाई लग। यी सबैले मसित युद्ध गर्ने तयारीमा छन्। रथ, हात्ती र घोडाहरूको संहार भइहालोस् अनिमात्र तिमीले हामीले यस दुस्तर व्यूहलाई पार गरिसक्यौं भन्ने बुझ्नु है।

क्रमशः...

# के नजान्नु गलती हो र ! जिज्ञासु बनौं

स्वतन्त्र विचार



राजेन्द्रप्रसाद कोइराला
(A PhD Scholar)
Koiralarp46@gmail.com

**जिज्ञासाले केही जान्ने तीव्र इच्छालाई बुझाउँछ। नदेखिएकोलाई हेर्नु र अज्ञातलाई जान्नु मानवीय स्वभावमा निहित छ। जिज्ञासा ज्ञानको जननी हो। वास्तवमा जिज्ञासाले धेरै खोज वा आविष्कारको पछाडि चालक शक्तिको रूपमा कार्य गर्दछ। यो मानव सभ्यताको हरेक प्रगतिको मूल स्रोत हो।**

“जिज्ञासालाई जीवनचक्रको सबै चरणमा नकारात्मक र सकारात्मक दुवै तरीकामा एक महत्त्वपूर्ण उद्देश्यको रूपमा मान्यता दिइएको छ। यसलाई बालविकासमा चालक शक्तिको रूपमा पहिचान गरिएको छ (स्टर्न र वोहिल्वल्ल, १९७३)।”

हार्वर्ड बिजनेश स्कूलका विज्ञहरूले जिज्ञासाका पाँचवटा आयामका बारेमा अनुसन्धान गरेका छन्। ती हुन्– डेप्रिभेशन सेन्सिटिभिटी (Deprivation Sensitivity), जोयस एक्सप्लोरेशन (Joyous Exploration), सोसिअल क्युरिओसिटी (Social Curiosity), स्ट्रेस टोलेरेन्स (Stress Tolerance) र थ्रिल सिकिङ (Thrill Seeking)। यिनै प्रक्रियाहरूबाट बालबालिकाहरूले आफूलाई दक्ष बनाउन सक्छन्।

पाउलो कोएल्हो भन्छन्, “पर्खनु पीडादायी छ, तर के गर्ने थाहा नहुनु सबैभन्दा नराम्रो पीडा हो।” त्यसैगरी, सद्गुरु वाचन गर्छन्, “यो नजानेको पीडा हो, जसले मानिसलाई वास्तवमा जीवनलाई थाहा पाउन प्रेरित गर्छ। अन्यथा तिनीहरू केवल ती चीजहरू जान्न खोज्छन्, जसले तिनीहरूलाई मात्र बाँच्न प्रेरित गर्दछ।”

यस संसारमा भइरहेका हरेक कुराका बारेमा किन अपडेट हुन आवश्यक छ ?

कतिपय कुराको ज्ञान हुनु राम्रो हुन्छ। चीजहरूको बारेमा पहिले नै थाहा पाउँदा हामीलाई समस्याहरूबाट बच्न मदत गर्दछ वा हाम्रो रचनात्मकतालाई फुल्न अनुमति दिन्छ।

तर यदि हामी सबै कुराको बारेमा सचेत छौं भने पनि अझै कति समयसम्म हामी हाम्रो जीवनमा समस्याग्रस्त चीजहरूबाट बच्न सक्छौं। आजको समयमा मानिसहरू कुनै पनि प्रकारका समाचारका बारेमा अपडेट हुन चाहन्छन्, कसैको जीवनमा यसको सान्दर्भिकताको बारेमा चिन्ता नगरी।

जसरी हामी सबै यस ब्रह्माण्डमा रहस्यमयरूपमा एकअर्कासँग जोडिएका छौं। प्रत्येक घटनाले हाम्रो जीवनलाई प्रभाव पार्छ वा हाम्रो जीवनको स्थितिमा लहरहरू सिर्जना गर्दछ, चाहे हामी चाहूँ या नचाहूँ।

अज्ञानता अपराध होइन तर जानेर पनि गलती गर्नु महापाप हो। सबै मानिसले ज्ञान आर्जन गर्ने, आफ्नो हृदयलाई विशाल बनाउने अवसर नपाएका पनि हुन्छौं। अज्ञानताभित्र निर्दोषपन पनि निहित हुन्छ। अज्ञानतावश भएका गलती क्षम्य पनि हुन्छन् तर सधैं अज्ञानतामैं रमाएर गलती गरिरहनेले सजायको भागीदार अवश्य हुनुपर्दछ। फेरि ज्ञान के र कतिलाई भन्ने ? यसको सीमा पनि अनन्त छ। त्यसैले यो सिकाइको प्रक्रियामा को ज्ञानी र को अज्ञानी छुट्याउन पनि त्यति सजिलो छैन। सबैभन्दा ठूलो कुरा हाम्रो ज्ञान वा अज्ञानताले कसैलाई हानि पुर्‍याउनुभएन। फेरि अज्ञानतामा कुरूपता मात्र हुँदैन, त्यहाँ निष्कपटता र सुन्दरता पनि अन्तर्निहित हुन्छ। यसै सन्दर्भमा एउटा प्रसङ्ग यहाँ प्रस्तुत छ।

कुनै गाउँमा एकजना अति नै गरीब र अनपढ मानिस थिए। ‘काला अक्षर भैंस बराबर’ भन्ने उखान उनमा लागू हुन्थ्यो। सम्पत्तिको नाममा केही नभएको ठूलो र गरीब परिवारका उनले विदेश जाने जमर्को गरे। तर आर्थिक हैसियत थिएन, न त विदेश जान आवश्यक पर्ने कागजात र अन्य प्रक्रियाका बारेमा नै थाहा थियो। त्यसैले विदेश गएपछि मनग्य पैसा कमाउन पाइन्छ भनेर सुनेका उनी सातुको पोको बोकेर वैदेशिक यात्रामा निस्किए। महीनौं दिनको हिडाइपछि उनी कुनै देशको ठूलो शहरमा पुगे। बाटोछेउमा रहेका होटलमा विभिन्न किसिमका परिकार सजाइएका थिए। होटलेहरूले बटुवाहरूलाई आआफ्नो होटलमा मीठो र सस्तो खाना खान पाइने कुराको विज्ञापन गरिरहेका थिए।

ग्राहकहरूलाई पाखुरामा समातेर टेबुलसम्म पुर्‍याइदिने अनौठो चलन थियो त्यहाँ। कामको खोजीमा गएका ती मानिसलाई एउटा होटलेले बडो सम्मानका साथ टेबुलमा लगेर बसायो। सार्‍है भोकाएका उनी त्यसरी सम्मानपूर्वक खान पाउँदा ज्यादै खुशी भए। उनले मनमनै त्यस ठाउँको प्रशंसा गरे। भोकमा जे पनि खीर भएझैं उनलाई भयो। यति मीठो खाना यति सम्मानपूर्ण ढङ्गले उनले जीवनमा पहिलोपटक खाएका थिए।

यो अभूतपूर्व सम्मान उनले पहिलोपटक ससुराली जाँदा पनि पाएका थिएनन्। एकजना वेट्रेस उनको सेवाका लागि खटाइएको पनि थियो। यति ठूलो आदरका लागि धन्यवाद दिन मन नलागेको होइन तर उनको भाषा होटलेले बुझ्दैनथे भने उसले पनि होटलेको भाषा बुझ्ने कुरै भएन। उसले मनमनै सोच्यो, “कति दानी रहेछन यहाँका मान्छे ?” अनि आफ्ना देशका मानिस सम्झ्यो। भीख माग्दा पनि एक छाक खान नपाएको, ऋण माग्दा पनि कसैले नदिएको कुरा सम्झ्यो र त्यस होटलेप्रति कृतघ्न भयो। खाना खाइसकेपछि वेट्रेसले बिल लिएर आइन्। उसले सोच्यो कति राम्रो ठाउँमा आइएछ ? खान पनि सित्तैमा पाइने, प्रमाणपत्र पनि पाइने। ऊ त्यो बिललाई गोजीमा हाली हिंड्न लाग्यो। पैसा नतिरी हिंड्न लागेको देखेर होटल मालिकले आफ्नै भाषामा पैसा माग्न थाल्यो तर उसले कुरा बुझ्न सकेन। होटल मालिकले बाध्य भएर उसैको सबै गोजी खोतल्यो। एक पैसा पनि ऊसँग थिएन।

यसरी खाइसकेर पनि पैसा नतिर्ने मानिसलाई अनौठो किसिमले सजाय दिने चलन रहेछ त्यहाँ। त्यो के भने गधामा चढाएर, अनुहारभरि मोसो पोतेर ढ्याङ्ग्रो ठटाउँदै शहर परिक्रमा गराउने। त्यसपछि गधा ठीक पारियो। उसलाई त्यसमा चढाइयो। अनुहारभरि रातो रङ पोतियो। कालाको देश अफ्रिका रहेछ त्यो। सबै काला भएकाले कालो मोसो दल्न आवश्यक नभएकोले रातो दलिने चलन रहेछ।

जब रातो दलेर बाजागाजाका साथ गधामा सवार गराइयो, ऊ बडो आनन्दसँग बस्यो। त्यो होटलेले आफ्नो गोजी छाम्दा पैसा नभेटेपछि सहानुभूतिपूर्वक यो साधनामा चढाएर घुमाएको होला भन्दै त्यस होटलेले आफूप्रति देखाएको असीम माया र सम्मानप्रति कृतज्ञता व्यक्त गरिरह्यो। रमाइलोसित गधामाथि घुमिरहेकै बेलामा एकजना चिनजानको गाउँलेले उसलाई देख्यो। आफ्नो देशको मान्छेलाई त्यसरी बेइज्जतका साथ घुमाइरहेको देख्दा ऊ लज्जित भयो र उसको नजीक परेन। यसरी शहरको परिक्रमा सकेर उसलाई छाडियो।

केही वर्ष त्यही ठाउँमा बसेपछि बिस्तारै उसले त्यहाँको रहनसहन, भाषा, भेषभूषा बुझ्न थाल्यो। बल्ल उसलाई थाहा भयो कि उसलाई सम्मान होइन, अपमान गरिएको रहेछ। त्यसपछि भने उसलाई आत्मग्लानि हुन थाल्यो, आफूलाई अरूका सामु मुख देखाउन लाज लाग्न थाल्यो। बल्ल उसलाई थाहा भयो कि झन् बुझ्यो झन् कठिन रहेछ। उसले केही नजान्दा उसलाई कुनै प्रतिष्ठाको चिन्ता थिएन। आफ्नैपन र अज्ञानतामा नै ऊ खुशी थियो। तर आज ऊ जब जान्ने भयो। उसलाई हिजोका कुराले पिरोलिरहेको छ।

**सिकाइ** : वास्तवमा जान्नु, सुन्नु, देख्नु, भोग्नु, पाउनु नै दुःख हो। जब मानिसले माथिका सबै कुराका बारेमा थाहा पाएको हुन्छ, अनि त्यो प्राप्त गर्ने प्रबल चाहना उसमा जागृत हुन थाल्छ। जब ऊ अरूले त्यही कुरा प्राप्त गरेको थाहा पाउँछ, उसले पनि त्यसको खोज गर्दछ। असीमित आवश्यकता र सीमित वस्तुका बीचमा तालमेल नहुँदा आवश्यकता कहिल्यै पूरा हुँदैन, जसका कारणले मानिसमा असन्तोष, वितृष्णा र दुःख पैदा हुन थाल्छ। तर आफूले नजान्नु कुनै अपराध होइन। जानेर नजाने जस्तो गर्नु चाहिं ठूलो अपराध हो। त्यसो भनेर शिक्षा आर्जन गर्न नै भने छाड्नुहुँदैन र भएकै कुरामा सन्तोष लिन सक्नुपर्दछ।

**जाँदाजाँदै**

जब तिमीलाई लाग्छ, “मलाई थाहा छैन, तिमीभित्र केही जान्नको लागि चाहना जाग्छ, इच्छा जाग्यो भने खोज जाग्छ, खोजी भयो भने जान्न सक्ने सम्भावना रहन्छ।”

कुनै चीजको जान्ने तीव्र इच्छाले नै हामीलाई नयाँ सिकाइको बाटो खोल्दछ।

जिज्ञासाले केही जान्ने तीव्र इच्छालाई बुझाउँछ। नदेखिएकोलाई हेर्नु र अज्ञातलाई जान्नु मानवीय स्वभावमा निहित छ। जिज्ञासा ज्ञानको जननी हो। वास्तवमा जिज्ञासाले धेरै खोज वा आविष्कारको पछाडि चालक शक्तिको रूपमा कार्य गर्दछ। यो मानव सभ्यताको हरेक प्रगतिको मूल स्रोत हो।

जिज्ञासाले नयाँ सम्भावनाहरू खोल्छ र थप प्रगतिको लागि नयाँ चासो उत्पन्न गर्दछ। उदाहरणका लागि, हामी महान् वैज्ञानिक सर आइज्याक न्यूटनको बारेमा सोच्न सक्छौं। एक दिन उनी स्याउको रूखमुनि बसे। एउटा स्याउ तल खस्यो। उनी सचेत भए। उनले आफैंलाई सोधे कि स्याउ किन माथि जाँदैन। त्यसपछि उनले गुरुत्वाकर्षण बलको नियम आविष्कार गरे।

## वीरगंज चिनी कारखाना...

छन्। उनीहरू विकास र रोजगारको भाषण दिन भ्याउँछन्। तर चिनी कारखानाको उत्थानप्रति चासो कसैमा देखिंदैन। प्रत्यक्षरूपमा हजारौं किसान तथा कर्मचारी र अप्रत्यक्षरूपमा असीमित साना व्यवसायीहरूको रोजीरोटी वीरगंज चिनी कारखानामा निर्भर थियो। उहिले दैनिक सुनिने उक्त चिनी कारखानाको साइरन घामपानीको प्रकोपले अस्त भएको होइन, सरकारी र राजनीतिक अन्धदृष्टिका कारण ध्वस्त भएको हो। उहिलेका पुस्ता अहिले उक्त ध्वनि केवल स्मृतिमा महसूस गर्न सक्छन् भने अहिलेका पुस्ता उहिलेको त्यो ध्वनि केवल कल्पना मात्र गर्न सक्छन्। के वीरगंज चिनी कारखानाको त्यो साइरन पुनः सुन्न पाइएला ? आकाश छुने चिमनीको कालो धूवाँ फेरि हेर्न पाइएला ? के देश विकासका नारा घन्काउनेहरूमध्ये कोही चिनी कारखानाको पुनरुत्थानको लागि पहल गर्ला ? नयाँ उद्योगहरू थप तथा रोजगारको सिर्जना गर्नुपर्ने आवश्यकता रहेका बेला पुराना कैयौं उद्योग खण्डहरमा परिणत हुनु लाजमर्दो कुरा अरू के हुन सक्छ। रोजगारको अभावमा युवा जनशक्ति विदेश पलायन हुन बाध्य छ। थोरै शब्दमा वीरगंज चिनी कारखानाको कथा–व्यथा र सरकारको अन्धदृष्टि बयान गर्न सकिंदैन।

# लभ इन वीरगंज



धारावाहिक नाटक
समीर पाखिन

उषा : उसैले प्रोपोज गर्छ कि जस्तो छ।

मनीषा : कुन्नि है केटा ह्यान्डसम रहेछ, अर्कैले हात पार्ला नि। ल उषा, कृष्णा घरसँगै जानुपर्छ है भरै।

तीनैजना कक्षामा प्रवेश गर्छन्।

०००

समय : मध्याह्न। स्थान : नवलपुरस्थित प्रीतमको घर।

प्रीतमकी पत्नी रीताले प्रीतमलाई पटक–पटक वीरगंज गएकोबारे केरकार गर्दैछे।

रीता : भन त, तिमी अस्ति कामले वीरगंज गएका थियौ ? हिजोआज तिम्रो ध्यान बिल्कुल घरपरिवारमा छैन। एकान्तमा बसेर घण्टौं मोबाइलमा कुरा कोसित गर्ने गरेको छौ भन ?

प्रीतम : पार्टीसित कुरा हुँदैन व्यापारी मान्छेको ? (झर्केर) कहाँ जाँदैछु कोसित फोनमा कुरा गर्दैछु ? सबैकुरा तँलाई भन्नै पर्छ ? के तैले ममाथि शङ्का गर्न खोजेकी त होइनस् ?

रीता : हो, तिम्रो गतिविधि नै शङ्कास्पद छ। अस्ति पनि बाइक बिग्रेर बाटोमा छु भन्यौ। आखिर तिमी त शहीद स्मारकबाट पो झरिरहेका थियौ अरे त ?

प्रीतम : कसले भन्यो शहीद स्मारकबाट झरिरहेको थिएँ भनेर ?

रीता : देख्नेले भनेको। हेर प्रीतम तिमी छोराछोरीको बुबा भन्ने कुरा नबिर्स है।

छोरोछोरी : (छोराछोरी किताबको झोला बोकेर बाहिर आउँछन्) बाबा, जाऔं।

प्रीतमले छोराछोरीलाई बाइकमा राखेर बोर्डिङ लिएर जान्छ।

०००

समय : दिउँसो। स्थान : क्याम्पसको कक्षा कोठा।

कक्षामा पढाइ चलिरहेकै बेला उषाको मोबाइलको घण्टी बज्छ। उषाले खल्तीबाट मोबाइल झिकेर कसको कल रहेछ भनी हेरेकी मात्र हुन्छे। प्राध्यापकले उषाको ध्यान आकर्षण गर्छन्।

प्राध्यापक : उषा, तिम्रो ध्यान कहाँ छ ? कक्षामा मोबाइल खोलेर बस्ने हो ? खै लेऊ तिम्रो मोबाइल।

उषा : सरी सर, सरी। स्वीच अफ गरेर राखें। (प्यान्टको खल्तीमा राख्दै)

प्राध्यापक : मोबाइल त क्याम्पसमा ब्यान्ड नै गर्नुपर्ने हो।

यत्ति नै बेला प्राध्यापकको खल्तीको मोबाइलमा घण्टी बज्छ।

फेरि क्लास टाइममा कसले फोन गर्‍यो ? हेलो, ए शशी तिमी ? अँ भन, के टमाटर, धनिया, मूला अनि खसीको मासु अरे ? ल ल म क्लासमा छु। अब कल नगर्नु है क्लास डिस्टर्ब हुन्छ।

मनीषा : सर, यो मोबाइल त क्याम्पसमा ब्यान्ड नै गर्नुपर्ने हगि ? बेला न कुबेला घरबाट म्याडमहरूको कल आएर क्लास नै डिस्टर्ब हुन थाल्यो।

सबैजना गललल हाँस्छन्।

प्राध्यापक : सरी, सरी।

हतारहतार मोबाइल साइलेन्ट मोडमा राखेर पढाउन थाल्छन्।

०००

समय : अपराह्न। स्थान : इमानसिंह हवल्दारको डेरा। सुशीला र इमानसिंह दुवै सरुवाको विषय लिएर खिन्न र चिन्तित देखिन्छन्।

सुशीला : अब तीन वर्षको लागि फेरि झिटीमिटी बोकेर जानुपर्ने भो हगि बूढो ?

इमान सिंह : यतै पेन्शन पकाउन पाएको भए कति राम्रो हुन्थ्यो। छोरीको पढाइ पनि सकिने थियो।

सुशीला : रामशङ्कर सरलाई भेटेर एकचोटि कुरा गर्नोस् न।

इमान सिंह : खै, के गर्ने–गर्ने ? सार्‍है टेन्शन भयो।

सुशीला : रामशङ्कर प्रभावशाली नेता हुनुहुन्छ। उनको पहुँच मन्त्रालयसम्म छ। कतै थमौती गरिदिन्छन् कि ?

इमान सिंह : सुशे, तैले ठीकै भनिस्, एकचोटि भेटी हेरौं। हुनत मैले अझसम्म स्वाभिमान झुक्ने काम गरेको छैन। तैपनि एकचोटि भनी हेर्छु ,बरु म गएँ।

इमान सिंह डेराबाट प्रस्थान गर्छन्।

सुशीला : छोरीको पढाइ बिग्रन्छ भन्नोस् न। अनि आउँदा एक बिटो रायोको साग पनि लिएर आउनोस् है।

हवल्दार : जतिबेला पनि सागै मात्र ल्याऊ भन्छे। हैन ए सुशीला पहिलेको जुनीमा चौपाया पो थिइस् कि क्या हो ?

सुशीला : त्यही हरियो सागसब्जी खाएको छु र त, अहिलेसम्म चश्मा लगाउनुपरेको छैन।

०००

समय : बिहानीपख। स्थान : घडीअर्वा पोखरी परिसर। प्रातः भ्रमणमा निक्लिएकाहरू तीव्र गतिमा पोखरी वरिपरि हिंडिरहेका छन्।

क्रमशः

# अन्तर्राष्ट्रिय समाचार

## बेलायतमा सबैभन्दा बढी सङ्क्रमित, ओमिक्रोन पनि बढ्दो

लन्डन, २ पुस/सिन्ह्वा

बेलायतमा कोरोना भाइरसको प्रकोप शुरू भएयताकै सबैभन्दा धेरै सङ्क्रमित बढेका छन् । यहाँ बिहीवार मात्र ८८ हजार ३७६ जना कोरोना भाइरसका सङ्क्रमित भेटिएका छन् । यहाँ महामारीको प्रकोप बढेको यो दोस्रो दिन हो । अघिल्लो दिन अर्थात् बुधवार मात्र पनि यहाँ ७८ हजारजनाभन्दा धेरै मानिसमा कोभिड सङ्क्रमणको पुष्टि भएको थियो । कोभिड महामारी शुरू भएयता एकै दिन पुष्टि भएका सङ्क्रमितको यो सर्वाधिक सङ्ख्या भएको यहाँका अधिकारीहरूले जनाएका छन् ।



तस्वीरः सिन्ह्वा

यहाँ केही समययता हरेक दिन कोभिड–१९ का सङ्क्रमितहरू बढ्दै गएको देखिएको छ। साथै यहाँ कोभिडको घातक मानिएको ओमिक्रोन पनि बढ्दो देखिएको छ । यहाँका स्वास्थ्य अधिकारीहरूले ओमिक्रोनको सङ्क्रमण पनि दिन प्रतिदिन बढेको देखिएको बताएका छन् ।

यहाँ अहिलेसम्म एक हजार ६९१ जनामा ओमिक्रोनको घातक सङ्क्रमण फैलिएको देखिएको पनि अधिकारीहरूले जनाएका छन् ।

बेलायत सरकारले कोभिड नियन्त्रणका लागि लकडाउन भइरहेका समयमा यसअघि गत जनवरीमा एकै दिनको सबैभन्दा धेरै ६८ हजार सङ्क्रमित पुष्टि भएको जनाएको थियो। त्यसपछि सबैभन्दा बढी यहाँ बिहीवार सङ्क्रमित देखिएका छन् ।

त्यसपछि सबैभन्दा बढी सङ्क्रमित बुधवार भनिएकामा त्योभन्दा पनि बढी बिहीवार सङ्क्रमित बढेका हुन् । यहाँ अहिलेसम्म एक करोड १० लाखभन्दा बढी सङ्क्रमित भएका छन्। त्यसैगरी, बेलायतमा यो सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या एक लाख ४६ हजार ९३७ जना पुगेको बताइएको छ ।

## सडक दुर्घटनामा एकै परिवारका तीनजनाको मृत्यु

प्रस, सप्तरी, २ पुस/

बिहीवार दिउँसो दुर्घटनामा परी सप्तरीका एकै परिवारका तीनजनाको मृत्यु भएको छ। सप्तरीको बलान बिहुल गाउँपालिका–२ दिघिया गाउँका एकै परिवारका तीनजनाको ज्यान गएपछि गाउँ शोकमा डुबेको छ ।

मृत्यु हुनेमा ६५ वर्षीय मोतीलाल यादव, उनका भतिजा ३० वर्षीय रामकुमार यादव र ७ वर्षीय नाति अभिषेक यादव छन् । बिहीवार दिउँसो मोटरसाइकलमा सवार उनीहरूलाई सिराहाको लहानमा टिपरले ठक्कर दिएको थियो । मृतक तीनजनासहित चारजना प्रदेश २–०१–००२प २६८२ नम्बरको एउटै मोटरसाइकलमा सवार भएर घरतर्फ आउने क्रममा सिराहाको लहान–३ स्थित लहान–ठाडी सडकखण्डमा उत्तरबाट दक्षिणतर्फ जाँदै गरेको स.१ क २६२ नम्बरको टिपरले ठक्कर दिएको इलाका प्रहरी कार्यालय, लहानले जनाएको छ । एकै परिवारका तीनजनाको मृत्यु भएपछि गाउँ नै शोकमा डुबेको वडाध्यक्ष वीरेन्द्र गोइतले बताए। मृतक तीनैजनाको शव शल्यपरीक्षण गरी आफन्तजनको जिम्मा लगाएको र शुक्रवार साँझ अन्त्येष्टि गरिएको प्रहरीले जनाएको छ।

### एउटा आश्चर्यमाथि.......

झडप मात्रै भएन, झन्डै हात हालाहालको अवस्था भयो। हामी चाहन्थ्यौं कि कोही पनि गाइड नहोओस्, बरु बाटो देखाइदेओस् तर उनीहरू आफैं गालीगलौज गर्दै पहिले मैले देखेको, पहिले मैले बोलेको हो, पहिले मेरो कुरो सुनेको हो आदि के के भन्दा हामीलाई कसले घुमाउने भन्ने प्रतिस्पर्धा गरिरहेको देख्दा तिनीहरूप्रति नै घृणा उब्जेको थियो तर हाम्रोलागि ठाउँ नयाँ थियो। कतै हराउँछौं कि भन्ने चिन्ता थियो । अन्तमा एउटा गाइडको कुरा अरू दुई/तीन जना गाइडले सुने, तिनीहरूको कुरो मिल्यो। उसले हामीलाई ताजमहलको साटो पहिले मिनी ताजमहल देखाउन भन्दै एउटा पसलमा पुऱ्यायो । पसलमा बाँस र केराबाट बनेका साडीहरू हेर्दछौं र त्योभन्दा पहिले शोकेसमा सजाइएको अद्भुत मिनी ताजमहल ।

## प्रातः भ्रमणमा ट्राफिक सचेतना

प्रस, वीरगंज, २ पुस/

ट्राफिक सप्ताह अन्तर्गत शुक्रवार पाँचौं दिन वीरगंज महानगरका पाँच स्थानमा सचेतना कार्यक्रम सम्पन्न भएको छ ।


चिल्ड्रेन पार्कमा ट्राफिक नियम कानूनबारे जानकारी गराउँदै । तस्वीरः प्रतीक

जिल्ला ट्राफिक प्रहरी कार्यालय, पर्सा अन्तर्गत बसपार्क, पावरहाउस, गण्डक, पोखरिया, अस्थायी ट्राफिक प्रहरी चौकी र स्थानीय सङ्घसंस्थाको सहभागितामा पाँच स्थानमा सचेतना कार्यक्रम गरिएको ग्रीन सिटी सामुदायिक सेवा केन्द्र, आदर्शनगरका अध्यक्ष प्रकाश खेतानले बताए। कार्यक्रममा प्रातः भ्रमणमा रहेका मानिसहरू, कलेज, विद्यालय जाने विद्यार्थीहरूलाई भेला गराइ ट्राफिक नियम, कानूनबारे जानकारी गराइएको जिल्ला ट्राफिक प्रहरी कार्यालय, वीरगंजका प्रमुख सुमन कार्कीले बताए।

यसैगरी, ट्राफिक नियम कानूनबारे जानकारी गराउन पम्पलेट पनि वितरण गरिएको थियो ।

## नगरप्रमुखले आक्रमण गर्न खोजेको वडाध्यक्षको आरोप

प्रस, जनकपुरधाम, २ पुस/

जनकपुरधाम उपमहानगरपालिकाका वडाध्यक्षहरूले नगरप्रमुखले आफूहरूमाथि आक्रमण गराउन खोजेको आरोप लगाएका छन् । वडास्तरीय योजना सञ्चालनमा ध्यान नदिएको, फोहोर सफा नभइरहेको जस्ता समस्या लिएर नगरप्रमुखसँग शुक्रवार भेट्न गएका वडाध्यक्षहरूले आफूहरूमाथि आक्रमण गराउन बाहिरका मानिसहरू तयारी अवस्थामा नगरप्रमुखले राखेको पाइएको आरोप लगाएका छन् ।

बिहान ११ बजे नगरप्रमुख लालकिशोर साहलाई भेट्न जाँदा करीब ५० जनाको सङ्ख्यामा रहेका बाहिरका व्यक्तिहरू जम्मा गरिराखेको पाइएको र आफूहरूले केही कुरा राख्न खोज्दा ती बाहिरका अनधिकृत व्यक्तिहरूले बोल्न नदिएको वडा नं ७ का अध्यक्ष जानकीराम साहले बताए ।

आफूहरूमाथि कुटपिट गर्ने नगरप्रमुखले योजना बनाएको आरोप लगाउँदै वडाध्यक्ष साहले जनताको माग सम्बोधन गर्नुको सट्टा गुन्डा परिचालन गर्नु नगरकै लागि घिनलाग्दो अभिशाप भएको बताए।

दुई पक्षीय झडप हुने अवस्था आएपछि अप्रिय घटना हुन नदिन जिल्ला प्रहरी कार्यालय, धनुषाले उपमहानगरपालिकाको कार्यालयलगायत नगर क्षेत्रमा व्यापक सुरक्षाकर्मी परिचालन गरेको थियो । नगरको सरसफाइ नगरेको भन्दै वडाध्यक्षहरूले यसअघि नगरप्रमुख साहको घरअगाडि फोहोर फालेका थिए । त्यसको केही दिनपछि नगरप्रमुखको कार्यकक्षमा तालासमेत लगाएर धर्नामा बसेका थिए।

## सप्तरी कारागारमा थुनुवाको मृत्यु

प्रस, सप्तरी, २ पुस/

सप्तरी कारागारमा पुर्पक्षका लागि थुनामा रहेका एकजना बन्दीको शुक्रवार मृत्यु भएको छ । सुनसरीको दुहबी नगरपालिका–४ घर भएका ५८ वर्षीय उद्धवप्रसाद खतिवडाको मृत्यु भएको हो। कागजात किर्ते गरी ठगीसम्बन्धी मुद्दामा उनी २०७५ साउन १७ गतेदेखि थुनामा थिए ।

### गुठी संस्थान शाखा कार्यालय वीरगंजको आँप बगैंचा ठेक्कासम्बन्धी ३० दिने सार्वजनिक सूचना

(प्रथमपटक प्रकाशित मिति : २०७८/०९/०२)

गुठी संस्थानको पूर्ण स्वामित्वमा रहेको जिल्ला बारा गाविस अमृतगंज–३ हाल सिम्रौनगढ नपास्थित श्री रामचन्द्र मठ स्थान सिम्रौनगढको वरिपरि रहेको तपसिल बमोजिमको आँप बगैंचा आव २०७८/७९ देखि पाँच वर्षको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले यो ३० (तीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

| सिनं | जिल्ला | नपा | वडा नं | कैफियत |
|---|---|---|---|---|
| १ | बारा | अमृतगंज हाल सिम्रौनगढ नपा | ०३ | १ रामचन्द्र मठ स्थानदेखि पूर्वतर्फ बिजु बगैंचा–१<br>२ रामचन्द्र मठदेखि दक्षिणतर्फको बगैंचा–१<br>३ रामचन्द्र मठदेखि पश्चिमतर्फको बम्बई बगैंचा–१<br>४ रामचन्द्र मठदेखि उत्तरतर्फको कलमी बगैंचा–१ |

**पालना गर्नुपर्ने शर्तहरूः**

१) बोलपत्र फाराम रु. १,०००/ (एक हजार मात्र) नगद बुझाइ (फिर्ता नहुने) गुठी संस्थान शाखा कार्यालय वीरगंजबाट यो सूचना प्रकाशित भएको मितिले ३०औं दिनसम्म खरीद गर्न सकिनेछ ।

२) यो सूचना प्रकाशित भएको मितिले ३१औं दिनको १२:०० बजेसम्म आफूले लिन चाहेको ठेक्का रकम उल्लेख गरी यस शाखा कार्यालयमा बोलपत्र फाराम दर्ता गराइसक्नुपर्नेछ। दर्ता भएका बोलपत्रहरू सोही दिन दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहबरमा खोलिनेछ। प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।

३) आफूले सकार गरेको कबुल अङ्कको पाँच प्रतिशतले हुन आउने रकम शाखा कार्यालय वीरगंजको सानिमा बैंक वीरगंजमा रहेको धरौटी खाता नं. ०२१०१००१००००४८५ मा जमानतबापत जम्मा गरेको सक्कलै बैंक भौचर वा कम्तीमा १२० दिन मान्य अवधि भएको वाणिज्य बैंकको जमानतपत्र संलग्न हुनुपर्नेछ। ठेक्का स्वीकृत भएमा कार्यालयले ठेक्का स्वीकृत भएको बेहोराको जानकारी गराएको मितिले ७ (सात) दिनभित्र पहिलो किस्ता रकम र पर्याप्त जेथा–जमानत राखेपछि मात्र ठेक्का सम्झौता गरी चलनपुर्जी दिइनेछ। समयमा नै सम्झौता नगरे धरोटीबापतको रकम जफत गरिनेछ ।

४) तैनाथी जग्गाको र बगैंचाका रूखसमेतको संरक्षण र संवर्धन गर्नु बोलपत्र सकार गर्ने व्यक्ति फर्मको जिम्मेवारी हुनेछ । तोकिएको कार्यबाहेक अन्य कार्य गरी जग्गाको हैसियत, आकृति, प्रकृति, घट्ने, बिग्रने कार्य, बगैंचाका रूखबिरुवा काट्ने वा काट्न लगाउने वा जग्गा अतिक्रमण गरे, गराएमा नोक्सान भएको बिगो जति पेस भएको जमानतबाट र नपुग हुने जति रकम सरकारी बाँकी सरह घर घरानाबाट असुल उपर गरिनेछ ।

५) गुठी संस्थानलाई तिर्न वा बुझाउन बाँकी बक्यौता राख्ने तथा कालोसूचीमा परेका व्यक्ति फर्मले यस ठेक्का प्रक्रियामा भाग लिएको पाइएमा प्रक्रिया रद्द गर्न सकिनेछ।

६) बोलपत्रसाथ प्यान (स्थायी लेखा नं.) तथा सङ्घसंस्थानको हकमा संस्था दर्ता प्रमाणपत्र र मूअकर दर्ता प्रमाणपत्रको आफैंले प्रमाणित गरेको प्रतिलिपिसहित गत आवसम्मको करचुक्ता प्रमाणपत्र पेस गर्नुपर्नेछ ।

७) बोलपत्र दाखिला गर्दा आफूले लिन चाहेको कबुल रकम अङ्क र अक्षर दुवैमा लेख्नुपर्नेछ। फरक परेमा अक्षरमा उल्लेख भएको रकमलाई मान्यता दिइनेछ।

८) बोलपत्र बुझाउने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसपछि लगत्तै कार्यालय खुलेको दिन कायम गरिनेछ ।

९) धार्मिक मठमन्दिर आदि भएका स्थानको जग्गा व्यावसायिक प्रयोग गर्दा मठमन्दिरको धार्मिक भावनामा असर पर्ने गतिविधिहरू गर्न पाइनेछैन ।

१०) पर्न आएका बोलपत्रहरू स्वीकृत गर्ने नगर्ने सर्वाधिकार गुठी संस्थानमा निहित रहनेछ।

११) यस विषयमा कुनै द्विविधा भएमा शाखा कार्यालय, वीरगंजमा सम्पर्क राख्न सकिनेछ।

**गुठी संस्थान शाखा कार्यालय, वीरगंज, फोन नं ०५१-५२२३१५**

**आयुर्वेदको चमत्कार**
इच्छा अनुसार छोरा-छोरी प्राप्त हुने !
लिखित प्रतिबद्धता !!
**सहयोगीः**
**बैद्य सूर्यमान श्रेष्ठ**
मो. ९८६९३७७४७७, ९८०५९२७०३३

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | सुयश | वृष | अन्नलाभ |
| मिथुन | खर्चवृद्धि | कर्कट | धनलाभ |
| सिंह | सफलता | कन्या | प्रगति |
| तुला | रोगभय | वृश्चिक | व्यापारवृद्धि |
| धनु | शत्रुपराजय | मकर | सुसमाचार |
| कुम्भ | भयचिन्ता | मीन | मित्रमिलन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
परियोजना कार्यान्वयन एकाइ, पर्सा

### प्रस्ताव आह्वानसम्बन्धी सूचना

सूचना नं.:- २०७८/७९-०७ प्रथमपटक सूचना प्रकाशन मितिः २०७८/०९/०२

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, पर्साको आव २०७८/७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार धान जोन अन्तर्गतका कार्यक्षेत्रहरू **पर्सागढी नपाका वडा नं. १, २, ३ र ४, सखुवाप्रसौनी गापाका वडा नं. १, २ र ३, पटेर्वासुगौली गापाका वडा नं १, २ र ३, जीराभवानी गापाका वडा नं. १, ४ र ५ तथा ठोरी गापाका वडा नं. ३, ४ र ५** भित्रका यस एकाइमा सूचीकृत हुनका लागि निवेदन दिएका इच्छुक कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता समिति कृषि उद्यमीहरूबाट मिति २०७८/०८/०३ गते सूचना प्रकाशित गरी धान जोन विकास कार्यक्रम अन्तर्गतको कार्यक्रममा सूचीकृत भएपश्चात् सहभागी हुनका लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको परियोजना कार्यान्वयन म्यानुअल–२०७७ को अनुसूची–१० बमोजिमको ढाँचामा तथ्याङ्क फाराम, प्रस्तावित क्रियाकलाप एवं आर्थिक विवरणसहितको आवेदन माग गरिएको थियो। उक्त सूचना अनुसार पर्याप्त आवेदनसहितको प्रस्तावना प्राप्त हुन नसकेको हुनाले तपसिलमा उल्लेख भए अनुसारको कार्यक्रममा सूचीकृत भएपश्चात् सहभागी हुनका लागि यो सूचना दोस्रोपटक प्रकाशित गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले १० दिनभित्र (मिति २०७८/०९/११ गते कार्यालय समयभित्र) प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको परियोजना कार्यान्वयन म्यानुअल–२०७७ को अनुसूची–१० बमोजिमको ढाँचामा तथ्याङ्क फाराम, प्रस्तावित क्रियाकलाप एवं आर्थिक विवरणसहितको आवेदन यस एकाइमा पेस गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्रसं | कार्यक्रमहरू | माग सङ्ख्या | अनुदान रकम |
|---|---|---|---|
| १ | ५० प्रतिशत अनुदानमा चैते धान खेती/बोरो राइस/बीउ उत्पादन/चकलाबन्दी कार्यक्रममा संलग्न कृषक समूह/सहकारी/फर्मलाई प्राथमिकतामा राखी कृषि यान्त्रीकरण सहयोग कार्यक्रम | १ पटक | कार्यक्रम अनुसार |
| २ | सिंचाइ पूर्वाधार निर्माण तथा मरम्मत सम्भार | २८ | कार्यक्रम अनुसार |
| ३ | पोस्ट हार्भेस्ट क्षति न्यूनीकरण कार्यक्रम | ५ | कार्यक्रम अनुसार |
| ४ | बाली सघनता तथा उत्पादकत्व वृद्धि कार्यक्रम | २ पटक | कार्यक्रम अनुसार |

नोटः १) परियोजना कार्यान्वयन म्यानुअल–२०७७ को अनुसूची–१० बमोजिमको आवेदन फर्मेट/ढाँचा परियोजना कार्यान्वयन एकाइ, पर्सा वा सम्बन्धित पालिकाको कृषि शाखाबाट प्राप्त गर्न सकिनेछ। अन्य कुनै थप जानकारी आवश्यक भएमा परियोजना कार्यान्वन एकाइ, पर्सा वा मोबाइल नं ९८६०३२३१९९ (दीपेन्द्र चौधरी) वा मोबाइल नं ९८६५१९३१७९ (रिफान चौधरी)मा सम्पर्क गर्न सकिनेछ।

२. परियोजना कार्यान्वयन म्यानुअल–२०७७ को अनुसूची–१० बमोजिमको आवेदन फर्मेट/ढाँचामा उल्लेख भए अनुसारका कागजातहरू आवेदनका साथ अनिवार्य पेस गर्नुपर्नेछ ।

**पुनश्चः सूची दर्ताका लागि आवेदन दिन छुटेका लक्षित वर्गहरूले यसै सूचना अवधिमा सूचीकृत हुनका लागि आवश्यक कागजातहरूसहितको निवेदन प्रस्तावनासहितको आवेदनसँगै पेस गर्न सक्नेछन् ।**

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
परियोजना कार्यान्वयन एकाइ, पर्सा

### प्रस्ताव आह्वानसम्बन्धी सूचना

सूचना नं.:- २०७८/७९-०८ प्रथमपटक सूचना प्रकाशन मितिः २०७८/०९/०२

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, पर्साको आव २०७८/७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसारको तरकारी जोन (**अनुसरण**) विकास कार्यक्रम अन्तर्गतको कार्यक्रममा सहभागी हुनका लागि तरकारी जोन (**अनुसरण**) अन्तर्गतको कार्यक्षेत्र भित्रका यस एकाइमा सूचीकृत **कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता समिति कृषि उद्यमीहरूको लागि** मिति २०७८/०८/०३ गते सूचना प्रकाशित गरी प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको परियोजना कार्यान्वयन म्यानुअल–२०७७ को अनुसूची–१० बमोजिमको ढाँचामा तथ्याङ्क फाराम, प्रस्तावित क्रियाकलाप एवं आर्थिक विवरणसहितको आवेदन माग गरिएको थियो । उक्त सूचना अनुसार पर्याप्त आवेदनसहितको प्रस्तावना प्राप्त हुन नसकेको हुनाले तपसिलमा उल्लेख भए अनुसारको कार्यक्रममा सहभागी हुनका लागि यो सूचना दोस्रोपटक प्रकाशित गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले १० दिनभित्र (मिति २०७८/०९/११ गते कार्यालय समयभित्र) प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको परियोजना कार्यान्वयन म्यानुअल–२०७७ को अनुसूची–१० बमोजिमको ढाँचामा तथ्याङ्क फाराम, प्रस्तावित क्रियाकलाप एवं आर्थिक विवरणसहितको आवेदन यस एकाइमा पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्रसं | कार्यक्रमहरू | माग सङ्ख्या | अनुदान रकम |
|---|---|---|---|
| १ | प्लास्टिक मल्चिङ प्रवर्द्धन | ८ हेक्टर | कार्यक्रम अनुसार |
| २ | नेचुरली भेन्टिलेटेड प्लास्टिक घरभित्र व्यावसायिक नर्सरी तथा तरकारी उत्पादन कार्यक्रम | १ पटक | कार्यक्रम अनुसार |
| ३ | लहरे तरकरीबालीको लागि थाक्रा ५० प्रतिशत अनुदान | १ पटक | कार्यक्रम अनुसार |

नोटः १) परियोजना कार्यान्वयन म्यानुअल–२०७७ को अनुसूची–१० बमोजिमको आवेदन फर्मेट/ढाँचा परियोजना कार्यान्वयन एकाइ, पर्साबाट प्राप्त गर्न सकिनेछ। अन्य कुनै थप जानकारी आवश्यक भएमा परियोजना कार्यान्वन एकाइ, पर्सा वा मोबाइल नं ९८६०३२३१९९ (दीपेन्द्र चौधरी) वा मोबाइल नं ९८६५१९३१७९ (रिफान चौधरी)मा सम्पर्क गर्न सकिनेछ।

२. परियोजना कार्यान्वयन म्यानुअल–२०७७ को अनुसूची–१० बमोजिमको आवेदन फर्मेट/ढाँचामा उल्लेख भए अनुसारका कागजातहरू आवेदनका साथ अनिवार्य पेस गर्नुपर्नेछ।

# वाग्मती प्रदेश र प्रदेश नं २ को उद्योग वाणिज्य सङ्घबीच अन्तर्क्रिया

प्रस, परवानीपुर, २ पुस/

नेपाल उद्योग वाणिज्य महासङ्घ वाग्मती प्रदेश र प्रदेश नं २ बीच अन्तर्क्रिया तथा बिटुबी बैठक सम्पन्न भएको छ।

दुवै प्रदेश महासङ्घका कार्यसमितिका पदाधिकारीहरूको सहभागितामा काठमाडौंमा सम्पन्न अन्तर्क्रियात्मक बैठकमा व्यवसायीहरूको साझा समस्या र समाधानका उपायका बारेमा अन्तर्क्रिया गरिएको थियो।




नेपाल उद्योग वाणिज्य महासङ्घका उपाध्यक्ष दिनेश श्रेष्ठको प्रमुख आतिथ्य तथा वाग्मती प्रदेशका अध्यक्ष दिलसुन्दर श्रेष्ठको सभापतित्वमा सम्पन्न बैठकमा प्रदेश नं २ का अध्यक्ष गणेशप्रसाद लाठको विशिष्ट आतिथ्यता थियो।

कार्यक्रममा सहभागी दुवै प्रदेश महासङ्घका पदाधिकारीहरूले सरकारले ल्याएका नीतिहरू व्यवसायमैत्री नभएको गुनासो पोखेका थिए। सीमाका व्यापारीहरूलाई दुरुत्साहन गर्ने सरकारी नीतिप्रति सबै उद्योगी–व्यवसायीहरूले आवाज उठाउनुपर्ने राय व्यक्त गर्दै सहभागीहरूले सीमामा नगद सटही काउन्टरको व्यवस्था गर्नुपर्नेलगायत नयाँ उद्योग स्थापना गर्ने उद्योगीहरूको लागि एकीकृत कानून लागू गर्नुपर्नेलगायतका मुद्दाहरूलाई सशक्तरूपमा उठाउनुपर्ने विचार व्यक्त गरेका थिए।

महासङ्घको प्रदेश नं २ का अध्यक्ष गणेश लाठले सीमा क्षेत्रमा उद्योग सञ्चालन गर्न निकै कठिन भएको बताउँदै उद्योग स्थापनाको लागि सम्बन्धित निकायहरू पिच्छे नै फरक–फरक नियम र प्रक्रिया अवलम्बन गर्नुपर्ने भएकोले उद्योगीहरूले सास्ती खेप्नुपरेको र हतास भएर फर्कनुपर्ने अवस्था रहेको बताए। अनावश्यक नीति–नियम र कानून थोपर्नाले व्यवसायीहरू पलायन हुँदै गएको बताउँदै अध्यक्ष लाठले व्यवसायीमैत्री नीति तथा कानूनहरू निर्माणका लागि सरकारले ध्यान नदिएको आरोप लगाए।

कार्यक्रममा विचार व्यक्त गर्दै महासङ्घ प्रदेश नं २ को कार्यसमिति सदस्य सुबोधकुमार गुप्ताले उद्योग स्थापनाको लागि जग्गा खरीद गर्नमैं ठूलो लगानी गर्नुपर्ने बाध्यता रहेको बताउँदै सरकारले प्रत्येक नगरमा औद्योगिक क्षेत्रको स्थापना गरिदिए उद्योगीहरूलाई सहज हुने बताए।

त्यस्तै, उद्योगी हरि गौतमले जग्गा खरीद गरेर उद्योग स्थापना गर्ने कार्यलाई सरकारले नै दुरुत्साहन गर्नुपर्ने बताए।

नेपाल उद्योग वाणिज्य महासङ्घका उपाध्यक्ष दिनेश श्रेष्ठले सरकारले उत्पादित मूल्य र बिक्री मूल्यको अन्तर २० प्रतिशत हुनुपर्ने भनी जबरजस्ती नियम लाद्न खोजेको आरोप लगाउँदै यही नीतिलाई कार्यान्वयन गर्ने भए सबै उद्योगीहरूले आफ्नो उद्योगको साँचो सरकारको पोल्टामा सुम्पेर हिंड्ने अवस्था आउनेतर्फ सचेत गराए।

त्यस्तै, वाग्मती प्रदेशका अध्यक्ष दिलसुन्दर श्रेष्ठले देशभरिकै उद्योगी–व्यवसायीहरू एकजुट भएर उद्योगमैत्री नीति–नियम निर्माणका लागि सरकारसँग आवश्यक वकालत, सहकार्य र समन्वय गर्नुपर्ने आवश्यकता औंल्याए।

सो बैठकमा दुवै प्रदेशका व्यापारी तथा उद्योगीहरूबीच एकअर्काको व्यवसायलाई बढावा दिनको लागि के कस्तो सहयोग, सहकार्य र समन्वय गर्न सकिन्छ भन्नेबारे वृहत् छलफलसमेत भएको थियो।

# पुस ८ गते ओली पर्सा आउने

प्रस, वीरगंज, २ पुस/

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली पुस ८ गते पर्सा जिल्लाको जगरनाथपुर गाउँपालिकामा आयोजना हुने जनसभालाई सम्बोधन गर्ने आउने कार्यक्रम छ।




नेकपा एमाले प्रदेश २ को शुक्रवार वीरगंजमा बसेको बैठकले एमाले महाधिवेशनपछि पार्टी अध्यक्ष ओलीको प्रदेश २ मा हुन लागेको पहिलो जनसभालाई भव्यरूपमा सम्पन्न गर्ने निर्णय गरेको छ। एमालेका प्रदेश इन्चार्ज रघुवीर महासेठले महाधिवेशनपछि अध्यक्ष ओलीको प्रदेश २ मा पहिलो जनसभा हुन गइरहेकोले सो सभालाई भव्यरूपमा सम्पन्न गर्न सहभागी सबै जिल्ला इन्चार्जहरूलाई निर्देशन दिए। उनले पर्सा जिल्लाबाट पचास हजार र अन्य जिल्लाबाट पचास हजार गरी एक लाख मानिस उतार्ने गरी तयारी गर्न निर्देशन दिए।

बैठकमा एमालेका नेताहरू लीलानाथ श्रेष्ठ, प्रभु साह, अच्युत मैनाली, पुरुषोत्तम पौडेललगायतले जनसभाको भव्य तयारीमा जुट्न जिल्ला इन्चार्जहरूलाई सुझाव दिएका थिए। कार्यक्रममा जगरनाथपुर गापाका प्रमुख जालीम मियाँले पर्सा क्षेत्र नं ४ बाट पन्ध्र हजार मानिस सहभागी गराउने घोषणा गरे। बैठकमा ज्वाला साह, राजकुमार गुप्ता, निर्मला देवकोटा, प्रभु हजरा, देवनारायण चौधरीलगायतको सहभागिता थियो। कार्यक्रमको सहजीकरण नेकपा एमाले पर्साका सचिव मनोज गुप्ताले गरेका थिए।

## माग अनुसार मल.....

मेट्रिक टन, डिएपी ३१ हजार ४००.२५० मेट्रिक टन र पोटास ३ हजार ४५९.५०० मेट्रिक टन पठाएको बताए। उनले वीरगंज कार्यालयबाट १० हजार ६६ मेट्रिक टन युरिया, ५ हजार ३२९.६०० मेट्रिक टन डिएपी र ४८७.६५० मेट्रिक टन पोटास बिक्री गरेको जानकारी गराए। प्रमुख केसीले हाल युरिया ६ हजार २७.८०० मेट्रिक टन, युरिया ६ हजार ५०५.४०० मेट्रिक टन र पोटास ७०८ मेट्रिक टन मौज्दात रहेको जानकारी गराए।





## पत्रकार आचारसंहिताको पालना गरौं।

सञ्चारमाध्यमले बालबालिकाको मनोविज्ञानमा नकारात्मक असर पार्ने गरी, अपाङ्गता भएका व्यक्तिलाई होच्याउने, आत्मसम्मानमा चोट पुऱ्याउने गरी, हिंसा, आतङ्क, अश्लीलता, अपराधलाई प्रश्रय हुने गरी, पीडितलाई थप पीडा दिने, अशक्त असहाय, अल्पसङ्ख्यक महिला तथा ज्येष्ठ नागरिकको मर्यादा र आत्मसम्मानमा प्रतिकूल असर पर्ने गरी, कुनै पनि सामग्रीहरू सम्प्रेषण नगरौं, पत्रकार आचारसंहिताको सम्मान गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# खेलकूदको संसार

## शहीद स्मारक 'ए' डिभिजन लिग

## आर्मी र सातदोबाटोबीचको खेल बराबरी

काठमाडौं, २ पुस/रासस

शहीद स्मारक 'ए' डिभिजन लिग अन्तर्गत त्रिभुवन आर्मी फूटबल क्लब र सातदोबाटो युथ क्लबबीचको खेल बराबरीमा टुङ्गिएको छ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा शुक्रवार भएको खेलमा दुवै टोलीले एक/एक गोलको बराबरी खेल्दै अङ्क बाडेका छन्। खेलमा पहिलो अग्रता भने आर्मीले लियो। खेलको १०औं मिनेटमा दिनेश हेन्जनले पेनाल्टी बक्सबाट गोल गर्दै आर्मीलाई १–० को अग्रता दिलाए।

आर्मीको त्यो अग्रता लामो समयसम्म भने टिक्न सकेन। खेलको १६औं मिनेटमा सातदोबाटोका मार्टिन्स अजायीले गोल गर्दै खेललाई एक/एक गोलको बराबरीमा ल्याए।

यस बराबरीसँगै पाँच खेलबाट नौ अङ्क जोड्दै आर्मी तेस्रो स्थानमा यथावत् रहेको छ। यता बराबरीपछि सातदोबाटो भने आठ अङ्कका साथ लिगको चौथो स्थानमा उक्लिएको छ। समान चार खेल खेलेको मछिन्द्र फूटबल क्लब र मनाङ मर्स्याङ्दी क्लब १०/१० अङ्कसहित पहिलो र दोस्रो स्थानमा छन्।

# परीक्षा नलिएर शिक्षकले विद्यार्थीसँग रिस साधे

प्रस, पंचगावाँ, २ पुस/

सखुवाप्रसौनी गाउँपालिका–५ स्थित नेरामावि, महुवनका शिक्षकहरूले विद्यार्थीहरूसँग रिस साध्न अर्धवार्षिक परीक्षा प्रभावित पारेका छन्।

विद्यालयमा अध्ययनरत युवराज साहले मङ्सिर २९ गतेको घटनालाई लिएर शिक्षकहरूले अर्धवार्षिक परीक्षा नलिएको आरोप लगाए। उनले बिहीवार र शुक्रवार दुई दिन शिक्षकहरूले अर्धवार्षिक परीक्षा नलिएको जानकारी गराएका छन्। विद्यालयले परीक्षा सूची प्रकाशित गर्दै बिहीवारदेखि अर्धवार्षिक परीक्षा शुरू हुने जनाएको थियो। तर मङ्सिर २९ गते विद्यार्थीहरूले उपद्रो मचाएको र बेइज्जत गरेको प्रतिशोध लिन शिक्षकहरूले परीक्षा नै नलिएको विद्यार्थीहरूले बताएका छन्। मङ्सिर २९ गते विद्यालयले अवकाशप्राप्त शिक्षक र उत्कृष्ट विद्यार्थीको सम्मानमा कार्यक्रम गरेको थियो।

कार्यक्रममा सहभागी अतिथि र शिक्षकहरूले मासु–चिउरा खाजा खाएको तर विद्यार्थीहरूलाई सांस्कृतिक कार्यक्रममा सहभागी गराएर पनि खाजा नदिएको प्रतिशोधमा विद्यार्थीहरूले तोडफोड गरी शिक्षकहरूलाई स्टाफरूममा थुनेका थिए। प्रहरी परिचालन गरेर भद्रभलादमीको रोहबरमा शिक्षकहरूलाई मुक्त गरिएको थियो। सोही घटनाको प्रतिशोध साध्न परीक्षा नलिएका हुन्।

विद्यालयका प्रअ भरत गिरीले घटनाबारे प्रतिक्रिया दिन मानेनन्।

# सुरक्षाको माग गर्दै ई–रिक्शाचालकहरू हडतालमा

प्रस, वीरगंज, २ पुस/

वीरगंज–रक्सौल मितेरीपुलमा हिजो ई–रिक्शाचालकको चक्कु प्रहारबाट हत्या भएको विरोधमा शुक्रवार ई–रिक्शाचालकहरूले वीरगंज–रक्सौल ई–रिक्शा सञ्चालन गरेनन्।



प्रनाउ खनाल, नारायणी ई–रिक्शा व्यवसायी सङ्घका अध्यक्ष सुवेश मियाँ र मृतक सुशीलकुमार साह। तस्वीरः प्रतीक

वीरगंज–रक्सौल रूटमा सञ्चालित ई–रिक्शाचालक भारतीय नागरिक सुशीलकुमार साहको हिजो मितेरीपुलमा छुरा प्रहार गरी हत्या गरिएको विरोधमा आज यहाँका रिक्शाचालकहरूले सुरक्षाको माग गर्दै एक दिन हडताल गर्नुका साथै प्रमुख जिल्ला अधिकारीको ध्यानाकर्षण गराएका थिए।

नारायणी ई–रिक्शा व्यवसायी सङ्घका अध्यक्ष सुवेश मियाँले ई–रिक्शाचालकहरूको सुरक्षा हुनुपर्ने माग गरे। उनले हिजोको घटनाबाट ई–रिक्शा सञ्चालन गर्नेहरू भयभीत भएको र उनीहरूलाई सुरक्षाको प्रत्याभूति गराउनुपर्ने प्रशासनको जिम्मेवारी भएको बताए। घटनाबारे जिल्ला प्रहरी कार्यालय, पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले मितेरी पुलमा भएको घटनामा भारतीय नागरिकबाट भारतीय नागरिकको हत्या भएको हुनाले यसबारे भारतीय प्रहरीले कारबाई प्रक्रिया अगाडि बढाएको बताए। उनले आफूहरूले त्यसमा सहयोग गरेको जानकारी गराएका छन्।

वीरगंजबाट सञ्चालित ई–रिक्शाहरू मितेरीपुलसम्म जाने गरेको र हिजो हत्या गरिएका सुशील ई–रिक्शा लिएर रक्सौल रेलवे ढालासम्म पुगेको हुँदा उनको हत्या भएको अनुमान गरिएको छ।

भारतीय प्रहरीले हिजोको घटनामा संलग्न रहेको भन्दै सबदुल्लाह अन्सारीलाई पक्राउ गरेको छ। उनी ई–रिक्शाचालक होइनन्।

# आगलागीबाट घर जलेर नष्ट

प्रस, निजगढ, २ पुस/

निजगढ नपा–४ खिलाटोलमा रहेको जीवन माझीको घर आगलागीका कारण जलेर पूर्णरूपमा नष्ट भएको छ। शुक्रवार सर्टसर्किट हुँदा आगलागी भएको निजगढ प्रहरीले जनाएको छ।




सो आगलागीको खबर प्राप्त हुनासाथ निजगढ नपाको वारुण यन्त्रसहित प्रहरी परिचालन भएको इलाका प्रहरी कार्यालय, निजगढका प्रहरी नायब निरीक्षक सञ्जय यादवले जानकारी दिए।

आगलागीमा घरसहित लत्ताकपडा, मोबाइल, अन्तपात जल्दा अढाई लाख रुपैयाँभन्दा बढीको क्षति भएको घटनास्थल पुगेका प्रहरीको अनुमान छ। सोही आगो फैलिन गई छिमेकी सुकराम घिसिङको फुसको घर पूर्णरूपमा जल्दा अढाई लाख मूल्यबराबरको क्षति हुन पुगेको प्रहरी कार्यालय, निजगढले जनाएको छ। ती आगलागीका घटनामा पशु, चौपाया र मानवीय क्षति भने नभएको प्रहरीले जनाएको छ।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |